# परिच्छेद एक : परिचय

## अध्ययनको पृष्ठभूमि

विद्यालय एउटा सामाजिक संस्था हो । विद्यालयमा हुने सबै क्रियाकलाप व्यवस्थित तथा पारदर्शी हुनु आवश्यक छ । विद्यालयहरुबाट बनाईएका योजना, कार्यक्रम एवं बजेट कार्यान्वयन, शैक्षिक, भौतिक एवं व्यवस्थापनमा भएको लगानी र विद्यार्थी सिकाइ उपलब्धीको अवस्था सहितको प्रतिफलको विश्लेषण तथा शैक्षिक गतिविधिहरुको परीक्षण नै सामाजिक परीक्षण हो । अपेक्षित लक्ष्य र उद्देश्यहरू प्राप्त गर्नको निमित्त विद्यालयका समग्र शैक्षिक गतिविधिहरुको उपयुक्त व्यवस्थापन गर्न जरुरी हुन्छ । सामुहिक रूपमा सबै संसाधनहरूको सहि परिचालन भएमा त्यसवाट आशातीत परिणाम प्राप्त गर्न सकिन्छ ।

कुनैपनि सामुदायिक विद्यालयले गरेका काम कारवाही, विद्यालयको प्रभावकारीता तथा जवाफदेहितालाई सहभागितामूलक विधि मार्फत् मापन गर्न सामाजिक परीक्षण गरिन्छ । विद्यालयमा हरेक वर्ष सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था शिक्षा नियमावली, २०५९ को नियम १७१ (क) ले गरेको छ । यद्यपी माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापनमा कस्तो ऐन नियमावली बनाउने अधिकार स्थानीय सरकारहरुमा आइसकेको तर मौजुदा कानूनको खारेजी पनि नभएको सन्दर्भमा उल्लेखित प्रावधानहरु वर्तमान समयमा पनि आकर्षित हुने देखिन्छ । जस अनुसार हरेक विद्यालयले शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा एक सामाजिक परीक्षण समितिको गठन गर्नुपर्ने व्यवस्था रहेको छ । प्रधानाध्यापकले नियुक्त गरेको एकजना शिक्षक सदस्य सचिव रहने उक्त समितिमा एकजना महिलासहित दुई अभिभावक, विद्यार्थीहरु, सम्बन्धित वडाको वडा अध्यक्ष, स्थानिय बुद्धिजीवी रहने व्यवस्थासमेत नियमावलीले गरेको छ । विशेष कारणवस विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन हुन बाँकी रहेको अवस्था भएमा स्थानीय तहले सोको यकिन गरी सम्बन्धित विद्यालय रहेको वडाको वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्यको संयोजकत्वमा एक तदर्थ समिति गठन गरी सो मार्फत् सामाजिक परीक्षण गराउनु पर्ने र समितिका अन्य सदस्यहरु शिक्षा नियमावलीको नियम १७१ (क) वमोजिम नै हुने व्यवस्था गरिएको छ (विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८) ।

विद्यालयमा शैक्षिक व्यवस्थापनका लागि सामाजिक परीक्षण गरीन्छ । सामाजिक परीक्षणको पृष्ठभूमि थाहापाउन नेपालको लेखा परीक्षणको विकासक्रममा जानु पर्दछ । नेपालमा

लेखा परीक्षणको कार्य धेरै वर्ष पहिलेदेखि हुँदै आएको पाइन्छ । तथापी प्रमाणिक रुपमा लेखा परीक्षणको शुरुवात वि.स. १८२८ वैशाख ६ गते कुमारीचोक अडड्ाको स्थापनापछि भएको हो । त्यसवेला पृथ्वीनारायण शाहले राज्यको आय-व्ययको हिसाब केन्द्रीयरुपमा जाँच्ने पद्दतीबाट लेखा परीक्षण कार्यको शुरुवात गरेको पाइन्छ । वि.सं. १९०३ सालमा जंगबहादुर राणाले कुमारी चौक अड्डामा मुख्तियारी राखी आम्दानी खर्चको हिसाव फरफारक गर्ने व्यवस्था चलाएका थिए । वि. सं. १९७३ सालमा चन्द्रशम्शेरले बही बुझ्ने र बुझाउने जस्ता कार्यहरु गर्न गराउन दरवन्दि, सजद, सवाल वही बुझ्ने र बुझाउने ऐनको व्यवस्था गरी लेखा परीक्षणको फरफारक लिने व्यवस्था गरेका थिए । वि. सं.२००७ सालको राजनैतिक परिवर्तन पछि वि. सं. २००८ सालमा बजेट व्यवस्था लागु भयो । त्यसबेलादेखि लेखालाई व्यवस्थित गर्न सरकारले महालेखापाल एकाउन्ट जनरल कार्यालय स्थापना गरी लेखा परीक्षणको कार्यलाई व्यवस्थित गरे । वि. सं. २०१६ सालमा महालेखा परीक्षकको नियुक्ती गरियो । वि. सं. २०१८ सालमा लेखा परीक्षण ऐन लागु भयो । ऐनमा महालेखा परीक्षकको काम, कर्तव्य तोकिएको थियो । सोही वर्ष विनियोजन तर्फ नयाँ श्रेस्ता प्रणाली लागु भयो । वि.सं. २०२८, श्रावण १ गतेदेखि कुमारी चौक अड्डालाई कुमारी चौक गोश्वारा तहशीलमा परिणत गरियो । वि. सं. २०२९ सालमा म. ले. प. फाराम प्रचलनमा ल्याइयो । वि. सं. २०३२ सालमा नेपालमा कार्यमूलक लेखा परीक्षण थालनी भयो । २०४६ सालको जनआन्दोलनपछि वि. सं. २०४७ सालमा लेखा परीक्षण ऐन, २०४८ लागु भएपछि लेखा परीक्षण क्षेत्रमा आमूल परिवर्तन आयो । कम्पनी ऐन, २०४८ लागु भएपछि सबै कम्पनीहरुले अनिवार्य लेखा परीक्षण गर्नुपर्ने व्यवस्था भयो (श्रेष्ठ, २०६४) ।

विद्यालय तहमा सामाजिक परीक्षण कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले शिक्षा मन्त्रालयद्वारा वि. सं. २०६५ सालमा सामाजिक परीक्षण निर्देशिका, २०६५ समेत जारी गरेको थियो । यस निर्देशिका बमोजिम सबै विद्यालयले आर्थिक लेखापरीक्षण समेत सामाजिक परीक्षणमा समावेश गर्नुपर्ने व्यवस्था मिलाएको थियो । नयाँ आर्थिक वर्षको ६० दिनभित्र सबै विद्यालयले आफ्नो सामाजिक परीक्षण सम्पन्न गराई त्यसको पन्ध्र दिनभित्र परीक्षणका क्रममा व्यक्त भएका सवाल तथा सुझावहरुलाई सम्बोधन गर्नका लागि विद्यालयको आफ्नो कार्ययोजना समेत दिइएको ढाँचामा सामाजिक परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा बुझाउनु पर्ने व्यवस्था सामाजिक परीक्षण निर्देशिका, २०६५ ले गरेको पाइन्छ । शिक्षाको गुणस्तर, भौतिक सुविधाको सान्दर्भिकता तथा उपलब्धता, शिक्षक र विद्यार्थीको सम्बन्ध,

शिक्षक अभिभावक सम्बन्ध तथा विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुको प्रभावकारीता लेखाजोखा गर्नु सामाजिक परीक्षणको मूल मर्म हो ।

विद्यालयहरूमा भएका आर्थिक क्रियाकलापहरूको वित्तीय लेखा परीक्षण मात्र हुँदा अन्य शैक्षिक र भौतिक पक्षको व्यवस्थापन खस्कँदै गएको अवस्थालाई मध्यनजर गरी विद्यालयले प्रत्येक वर्ष शिक्षा नियमावलीको नियम १७१ (क) बमोजिमको समितिबाट सामाजिक परीक्षण अनिवार्य रुपमा गराउन पर्नेछ भनेर व्यवस्था गरिएको छ । सामाजिक परीक्षण समितिले निर्माण गरेको विज्ञहरुको प्राविधिक उपसमितिको प्रतिवेदन सहित गत आर्थिक वर्षको सामाजिक परीक्षण प्रतिवेदन प्रत्येक वर्षको पहिलो चौमासिक भित्र सरोकारवालाहरुको भेला गराई छलफलका लागि प्रस्तुत गर्नु पर्नेछ । भेलाबाट प्राप्त सुझाव तथा छलफलको निष्कर्षलाई सामाजिक परीक्षण समितिले आफ्नो प्रतिवेदनमा समावेश गरी अन्तिम प्रतिवेदन तयार पार्नु पर्ने व्यवस्था रहेको छ (विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८) ।

विद्यालय शिक्षाको समग्र शैक्षिक व्यवस्थापकिय पक्ष तथा सञ्चालित कार्यक्रमहरु, बजेट एंव प्राप्त स्रोत साधनको मितव्ययी ढंगले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिविधिलाई सहभागितामूलक पारदर्शी एंव जवाफदेहि बनाइ विद्यालय शिक्षा पद्दतीको सुदृढीकरण गर्न वाञ्छनीय भएकोले अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ जारी गरिएको छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८) ।

विद्यालयहरुलाई राज्यले सामाजिक परीक्षण र आर्थिक लेखा परीक्षण कार्यका लागि एक वर्षमा एकमुष्ट रु.१५,०००। (पन्ध्र हजार) अनुदान रकम उपलब्ध गराउने गरेको छ । विद्यालयको आर्थिक, भौतिक, शैक्षिक, व्यवस्थापकिय पक्षको मूल्याङ्कनका लागि सामाजिक परीक्षण समितिले विद्यालयको सामाजिक परीक्षण गराउनु पूर्व विज्ञहरुसमेतको प्रतिनिधि हुने गरी प्राविधिक उपसमिति गठन गर्नु पर्दछ । सामाजिक परीक्षणको प्रतिवेदन एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त हुने 'स्कुल रिपोर्ट कार्ड' समेत संलग्न गरी पहिलो चौमासिक भित्र सम्बन्धित स्थानिय तहमा पेश गर्नुपर्नेछ । विद्यालयका समग्र शैक्षिक गतिविधि समेटिएको प्रतिवेदनमा प्राप्त सुझाव तथा निष्कर्षलाई कार्यान्वयन गर्ने प्रमुख दायित्व विद्यालय

व्यवस्थापन समितिको हुन्छ भने विद्यालयले कार्यान्वयनको योजना बनाउने तथा कार्यान्वयन गर्ने पक्षहरुलाई सहयोग पुऱ्याउने भूमिकामा रहने गर्दछ ।

सामाजिक परीक्षणको पृष्ठभूमिलाई आधार मानेर सामुदायिक विद्यालयमा सामाजिक परीक्षण शीर्षकको अध्ययनलाई अगाडि बढाइएको छ ।

## समस्याको कथन

विद्यालय एउटा सानो समुदाय हो । जहाँ विद्यार्थीहरु विभिन्न सामाजिक, आर्थिक, धार्मिक तथा पारिवारिक पृष्ठभूमिबाट शिक्षा तथा ज्ञान प्राप्त गर्न आउँछन् । तिनीहरुमा भिन्न-भिन्न बौद्धिक क्षमता, सक्षमता, संस्कृतिहरु हुने गर्दछन् । अभिभावकहरूको अनेकन सपनाहरू सकार हुने थलोको रुपमा विद्यालयलाई मानिन्छ । भौतिक तथा आर्थिक पूर्वाधारका साथसाथै दक्ष जनशक्ति विना विद्यालयमा उचित शैक्षिक व्यवस्थापन हुन सक्दैनन् । विद्यालयमा आधारभूत सुविधाहरूको वृद्धि, योजनाहरुको प्रभावकारी कार्यान्वयन, पारदर्शीता र सरोकारवलाहरुको सक्रिय सहभागिता तथा सहयोगले विद्यालय व्यवस्थापनमा सुधार एवम् शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

विद्यालयका सम्पुर्ण शैक्षिक गतिविधि समेटेर सामाजिक परीक्षण प्रतिवेदन तयार पार्न सामाजिक परीक्षण समितिको सक्रिय सहभागिता नहुनुले विद्यालयको सामाजिक परीक्षण माथि विश्वसनीयताको सवाल उठ्ने गरेको छ । सामाजिक परीक्षण अनिवार्य गरेता पनि त्यो एउटा औपचारिकतामा मात्र सिमित छ । धेरैजसो विद्यालयका प्रधानाध्यापकले आफै एक्लै वा कुनै शिक्षकलाई खटाएर सामाजिक परीक्षणको फर्मेट भरेर बुझाउने चलन रहेको छ । विद्यालयमा आय र व्ययको साथसाथै सम्पूर्ण क्रियाकलापको वैज्ञानिक तथा सुव्यवस्थित तरिकाले अभिलेख नराख्दा समयमा सामाजिक परीक्षण र लेखा परीक्षण कार्य सम्पन्न हुन सकेको छैन । सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गर्ने तथा अभिभावक एवम् सरोकारवालाहरूको भेला बोलाई छलफल र अन्तरक्रिया गरि सुझाव संकलन गर्ने कार्य हुन नसक्नु तथा अभिभावकहरुको प्रतिक्रियालाई विद्यालयले उपेक्षा गर्ने गरेकोले अभिभावक र विद्यालयबीचको सम्बन्धको खाडल स्पष्ट देख्न सकिन्छ । विद्यालय गतिविधि र क्रियाकलापहरुमा अभिभावकहरूको सक्रियता घटेको छ । स्थानीय आवश्यकता र स्रोतलाई समेटेर कार्ययोजना निर्माणमा विद्यालय उदासिन देखिन्छन् । विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, क्रियाकलापको पारदर्शिताले  व्यवस्थापनमा उचित टेवा पुग्ने कुरामा दुई मत छैन । यद्यपी यि विषयहरुमा

विद्यालयको फित्तलो कार्यसम्पादनका कारणले शैक्षिक लगानीमा राज्यले वृद्धि गरेपनि प्रतिफल न्युन रहेको छ ।

सामुदायिक विद्यालय समुदायको सम्पत्ति हो । तसर्थ सामुदायिक विद्यालयमा भएका गतिविधिहरूलाई समाजले नजिकबाट नियाली रहेका हुन्छन् । आर्थिक वर्षको अन्त्य पश्चात् गत वर्षको आय व्यय के कति भयो ? भौतिक व्यवस्थापन कस्तो रह्यो ? त्यस्तै शैक्षिक सत्रको अन्त्य पश्चात् विद्यार्थीहरुको शैक्षिक उपलब्धी के कस्ता छन् जस्ता शैक्षिक गुणस्तरका सवालहरुमा समाज तथा सरोकारवालाहरुमा चासो रहने गर्दछन् । विद्यालयका सबल पक्षहरु, शैक्षिक समस्याहरु र कमजोरीहरू पत्ता लगाई सरोकारवालाहरुबीच छलफल र अन्तरक्रिया गरी समाधानका उपायहरु सुझाउने साधन सामाजिक परीक्षण हो । तसर्थ विद्यालय गतिविधिहरुमा सरोकारवालाहरुबीच छलफल र अन्तरक्रिया गराइ सुधारको लागि प्राप्त व्यवहारिक सुझाव समेटिएको सामाजिक परीक्षण प्रतिवेदन र यसको कार्यान्वयनका साथै सामाजिक परीक्षण कार्यमा सरोकारवालाहरुको भूमिकाको अनुसन्धान गर्न, सामुदायिक विद्यालयहरुको सामाजिक परीक्षणको अभ्यास पहिचान गरी विद्यालयमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू पत्ता लगाउन र ती समस्याहरू समाधानको उपायहरू अवलम्बन गर्ने तर्फ आम सरोकारवालाहरूको ध्यान केन्द्रित गर्न आवश्यक भएकाले यो अध्ययन गरिएको छ ।

## अध्ययनको औचित्य

सामाजिक परीक्षणको क्रममा विद्यालयले तय गरेको योजना, लक्ष्य तथा उद्देश्य बमोजिमका उपलब्धीहरुलाई अभिभावकहरु तथा शिक्षाका सरोकारवालाहरु समक्ष प्रस्तुत गरेर छलफल गरिन्छ । यसबाट संथागत रुपमा सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान हुन्छ र जवाफदेहिता प्रवर्द्धनमा सघाउ  पुग्ने गर्दछन् । विद्यालयमा प्रत्येक वर्ष गर्नुपर्ने सामाजिक परीक्षणले वर्षभरी गरिएका कार्यक्रमको लेखाजोखा हुने गर्दछ । सहभागितामूलक समीक्षाहरुबाट सामुदायिक विद्यालयको समग्र शैक्षिक, व्यवस्थापकीय, आर्थिक, भौतिक र वातावरणीय सुधारमा सहयोग पुऱ्याउन तथा बालबालिकाहरुको सिकाइको स्तरमा सुधार ल्याउन एवम् विद्यालय प्रति विश्वास तथा अपनत्व बढाउन, अभिभावकको सशक्तिकरण तथा जवफदेहिता प्रवर्द्धन गर्न सामाजिक परीक्षणको महत्वपूर्ण भूमिका रहन्छ ।

विद्यालयका गतिविधिहरुलाई सहभागितामूलक, पारदर्शी एवम् जवाफदेही बनाई शिक्षा पद्दतिको सुदृढीकरण गर्न विद्यालयले बनाएका योजना, कार्यक्रम एवम् बजेट कार्यान्वयन,

शैक्षिक, भौतिक एवम् व्यवस्थापनमा भएका लगानी र विद्यार्थीको सिकाइ उपलब्धीको अवस्था सरोकारवालाहरुले जान्न र बुझ्नुपर्ने आवश्यक हुन्छ । यसर्थ विद्यालयका सम्पूर्ण गतिविधिलाई सामाजिक परीक्षणले प्रतिविम्वित गर्ने हुनाले यसको प्रतिवेदन कार्यान्वयन गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति, विद्यालय हो भने अन्य सरोकारवालाहरुले कार्यान्वयन पक्षमा सहयोग पुऱ्याउनु पर्ने भएकोले विद्यालयहरुमा सामाजिक परीक्षण कार्यको वर्तमान अवस्था पहिचान गरी परीक्षण कार्यमा देखिएका समस्याहरु र ती समस्या समाधानका उपायहरुका अवलम्बन गर्ने विषयमा आम सरोकारवालाहरु तथा अन्य सम्बन्धित निकायहरूलाई व्यवहारीक सुझाव दिनु यस अध्ययनको मुख्य औचित्य हो ।

## अध्ययनका उद्देश्यहरू

यस अध्ययनमा राखिएका उद्देश्यहरू निम्नानुसार छन् :

१. विद्यालयमा सामाजिक परीक्षणको अभ्यास पहिचान गर्नु,

२. सामाजिक परीक्षण कार्यमा सरोकारवालाहरुको भूमिका विश्लेषण गर्नु,

३. सामाजिक परीक्षणमा देखिएका समस्याहरूको पहिचान गर्नु,

४. सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

## अनुसन्धान प्रश्नहरु

प्रस्तुत अध्ययनमा निम्न अनुसन्धानात्मक प्रश्नहरु राखिएको छ :

१. सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षणको वर्तमान अभ्यास कस्तो रहेको छ ?

२. सामाजिक परीक्षणमा सरोकारवालाहरुको भूमिका कस्तो रहेको छ ?

३. सबै विद्यालयहरुले सामाजिक परीक्षण नियमित गर्ने गरेका छन् ?

४. विद्यालयहरुमा सामाजिक परीक्षण कसरी हुने गरेको छ ?

५. विद्यालयहरुले सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने गरेका छन् ?

६. सामुदायिक विद्यालयमा सामाजिक परीक्षण प्रभावकारी छन् ?

७. सामाजिक परीक्षणमा कस्ता कस्ता समस्याहरु देखिएका छन् ?

८. सामाजिक परीक्षणमा देखिएका समस्याहरु समाधानका उपायहरु के के हुन सक्दछन् ?

## अध्ययनको परिसीमा

विद्यालय व्यवस्थापनका विविध पक्षहरु मध्ये हरेक आर्थिक वर्षको अन्त्य पश्चात् प्रथम चौमासिक भित्र विद्यालयमा गर्नुपर्ने समाजिक परीक्षणमा यो अध्ययन सीमित छ । यो अध्ययन सुनसरी जिल्ला, दुहबी नगरपालीका अन्तरगतका २६ वटा सामुदायिक विद्यालयहरु मध्ये सबै ६ वटा माध्यमिक सामुदायिक विद्यालयहरुमा मात्र सीमित रहेको छ ।

यस अध्ययनमा खासगरी सामुदायिक विद्यालयका सरोकारवालाहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, नगर शिक्षा अधिकृत, प्रधानाध्यापक तथा शिक्षकहरुलाई मात्र समेटिएको छ । सीमित नमुनामा आधारित हुने हुनाले यसको निष्कर्ष सबै विद्यालयहरुमा सामान्यीकरण नहुन सक्छ ।

## शब्दावलीहरुको परिभाषा

समुदायिक विद्यालय : सरकारी अनुदान प्राप्त गर्ने विद्यालयहरु ।

समाजिक परीक्षण : विद्यालयको आर्थिक, मानवीय, शैक्षिक र भौतिक पक्षको गुणात्मक परीक्षण ।

शिक्षक : सामुदायिक विद्यालयमा काम गर्ने व्यक्ति ।

विद्यार्थी : विद्यालयमा अध्ययनरत बालबालिका ।

लेखा परीक्षण : कुनै पनि संघ संस्थाको आर्थिक कारोवारको नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता र कार्यदक्षता समेत विचार गरी रुजु गर्ने र परीक्षण गर्ने कार्य ।

विकेन्द्रीकरण : केन्द्रमा भएको शक्ति स्थानीय तहसम्म पुऱ्याउने काम ।

सरोकारवाला : विद्यालयका शिक्षक, विद्यार्थी, विद्यालयसँग सम्बन्धित व्यक्ति, समुदाय, निकाय, सङ्घ, संस्था वा पदाधिकारीहरु ।

सशक्तिकरण : सामाजिक, आर्थिक रुपमा जागृत गर्ने काम ।

विज्ञ : शिक्षा शास्त्रमा स्नातकोत्तर योग्यता प्राप्त माध्यमिक शिक्षक, शिक्षा सेवाको अधिकृत /विद्यालय निरीक्षक, विद्यालय शिक्षा वा शिक्षा सेवाबाट निवृत्त व्यक्ति ।

शाखा : सम्बन्धित स्थानिय तहको शिक्षा हेर्ने महाशाखा वा शाखा

# परिच्छेद दुई : सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

## अध्ययनको सैद्धान्तिक खाका

शोधकार्यलाई तथ्यपूर्ण निचोडमा पुऱ्याउन सर्वमान्य सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । सिद्धान्तमा आधारित कुनैपनि नयाँ तथ्यहरू विश्वसनीय र वास्तविक हुन्छन् जस्ले सिद्धान्तलाई स्वीकृत गर्न मद्दत पुऱ्याउँछ । प्रस्तुत शोधकार्यका सन्दर्भमा निम्न लिखित सिद्धान्तहरूलाई आधार मानेर अध्ययन गरिएको छ ।

हेनरी फोयल (१९१६) ले प्रतिपादित गरेको सिद्धान्तमा नियन्त्रण भनेको यसरी मूल्याङ्कन गर्नुसँग छ कि यी संस्थाका सम्पूर्ण कार्य स्वीकृत गरिएको योजना र दिइएको निर्देशन तथा निर्धारित नियमहरु अनुसार भए नभएको पत्ता लगाई आवश्यक सुधार गर्नु हो । सङ्घ संस्थाले निर्धारण गरेको लक्ष्य अनुरूप भई रहेको छ छैन भन्ने कुराको लेखाजाखा गर्नु हो । नियन्त्रण प्रक्रियाले उद्देश्य अनुरुप काम भई रहेको छ छैन, नभएमा के कति कारणले नभएको हो ? भएको छ भने कस्तो रुपमा भइरहेको छ त्यसलाई हेर्नुपर्दछ । व्यवस्थापनमा गरिएको योजना, संगठन, समन्वय, नेतृत्व, निर्देशनलाई पूर्णता दिन नियन्त्रण प्रक्रिया आवश्यक हुन्छ । नियन्त्रण प्रक्रियामा वास्तविक कार्य र योजनाको तुलना तथा मूल्याङकन गर्ने काम हुन्छ । लक्ष्य र नतिजामा अन्तर देखिएमा सोको कारण पत्ता लगाउन विश्लेषण प्रक्रिया अपनाई पुनः योजना बनाउने, पुनः प्रक्रियामा सुधार, संशोधन र सुधारात्मक प्रक्रिया सञ्चालन गर्न समेत नियन्त्रण प्रक्रिया आवश्यक हुन्छ (कोइराला र श्रेष्ठ, २०६४ मा उद्धृत) ।

राई, कौशलकुमार (०६२) का अनुसार विकेन्द्रीकरण भन्नाले केन्द्रमा एकीकृत भएका अधिकारलाई तल्लो तहसम्म अधिकार निरूपण गर्नु हो । जसले गर्दा नीति निर्माण गर्ने अधिकार समेत उनीहरूलाई हस्तान्तरण गर्नाले विद्यालयमा स्रोत र साधनको समूचित व्यवस्था हुन गई विद्यालयमा शैक्षिक गुणात्मकता आउन सक्छ । विकेन्द्रीकरण निरूपण एउटा कानुनी प्रावधान हो जो माथिल्लो निकाय वा अधिकारीको इच्छामा निर्भर हुँदैन । यसमा तल्लो निकाय वा अधिकारीले स्वतन्त्र रूपमा कानुनी दायराभित्र रही योजना बनाउने, निर्णय गर्ने, कार्यान्वयन गर्ने, नीति निर्माण गर्ने, मूल्याङ्कन र अनुगमन समेत गर्न पाउँछ । विकेन्द्रीकरणको नीति अनुसार कुनै पनि कार्य सञ्चालन गर्ने निकाय केन्द्र मात्र नभई स्थानीय स्तरबाट समेत सम्पन्न गर्ने गराउने वा त्यसको अधिकार हस्तान्तरण गर्ने कार्य रही आएको छ ।

आर. डब्लू. टाइलरको ज्यादै व्यापक नमुना वा सिद्धान्त (१९४९) पाठ्यक्रम निर्माण गर्ने क्रममा शिक्षण संस्थाहरुले मुख्य चारवटा प्रश्नहरुको खोजी गर्नु पर्दछ भन्ने मान्यतामा आधारित छ। जसमा पहिलो प्रश्न उद्देश्यहरुको खोजी गर्नु रहेको छ। स्रोतहरु, सिकारु, समकालिन समाज, विषय विशेषज्ञ, दर्शनशास्त्र र मनोविज्ञान रहेका छन्। दोश्रो प्रश्न सिकाइ अनुभवहरुको छनौट गर्नु हो, जसमा उक्त उद्देश्य प्रप्ती गर्नका लागि विद्यार्थीहरुमा उपयुक्त ज्ञान र सिप प्रदान गर्ने खालका अनुभवहरु छनोट गरिनु रहेको छ। त्यसैगरी तेस्रो प्रश्न सिकाई अनुभवहरुको संगठन गर्नु र चौथो मूल्याङ्कन गर्नु रहेको छ। अनुभवहरुको संगठनमा निरन्तरताक्रम र समन्वय प्रमुख आधार मानिन्छ भने मूल्याङ्कनमा परीक्षा, अनुगमन, अवलोकन, अन्तरवार्ता र प्रश्नावली विधिको प्रयोग गरिन्छ (खनाल, २०६४ मा उद्धृत)।

मायो, इल्टन (१८८०-१९४९) का अनुसार कुनै पनि संगठनमा गर्नेहरुका बीच राम्रो मानव सम्बन्ध भएमा काम सम्पादन राम्रो, चाँडो, स्तरीय हुने र यसको विपरित राम्रो मानव सम्बन्ध नभएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने गर्दछ। कुनै पनि संगठनमा समुह सञ्चालनका लागि नेतृत्व, उत्प्रेरणा, सहभागिता, सञ्चार, व्यक्तित्व जस्ता मानविय व्यवहार अपरिहार्य हुन्छ। कर्मचारीका कमी कमजोरी पत्ता लगाउन समन्वय र प्रेरणा प्रदान गर्नुपर्छ। सांगठनिक क्रियाकलपमा सबैलाई सहभागी गराउनु पर्छ। कर्मचारीको दक्षता बढाउन आवश्यक पहल गर्नुपर्छ। दोहोरो र वास्तविक सञ्चार प्रणाली अपनाउनु पर्छ। मानिसहरूलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार आवश्यक हुन्छ। कार्यदक्षता बढाउन सामाजिक दक्षता बढाउनु पर्छ। औपचारिक र अनौपचारिक सबै खाले संगठनलाई महत्व दिनुपर्छ। उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्ष मात्र नभई समाजिक पक्ष पनि हो। सामुहिक कार्यबाट मात्र संस्थाको लक्ष्य प्राप्त हुन्छ (कोइराला र श्रेष्ठ, २०६४ मा उद्धृत)।

विद्यालयहरुको व्यवस्थापनमा निश्चित उद्देश्यहरुको आधारमा आर्थिक, भौतिक, शैक्षिक र मानवीय सुधार गर्न स्रोत संकलन, परिचालन, व्यवस्थापन र मूल्याङ्कन क्षमता भएको समदाय तथा समुदायबाट शैक्षिक संस्था प्रति उचित चासो राख्ने शिक्षक अभिभावक संघ र सामाजिक परीक्षण समिति चयन गर्न संगठनको आवश्यकता पर्ने भएको साथै विद्यालयमा भए गरेका कार्यहरुको लेखाजोखा गरी देखिएका कमजोरीहरुमा सुधार गर्न मूल्याङ्कनको आवश्यकता पर्ने हुँदा विद्यालय व्यवस्थापनको लेखाजोखा एवम् मूल्याङ्कन सामाजिक परीक्षण समितिले गर्ने भएकोले यहाँ उपरोक्त सिद्धान्तको प्रयोग उपयुक्त देखिन्छ।

## सम्बन्धित साहित्यको पुनरावलोकन

यस शोधकार्यका लागि निम्न लिखित अनुसन्धान र पुर्व शोधपत्रहरुको पुनरावलोकन गरिएको छ ।

सरोकारवालाहरुका कुनै पनि विषयका चरणहरूमा उनीहरूलाई सहभागी हुने अधिकार, वकालत गर्ने, वित्तीय अनुशासन र सामाजिक उत्तरदायित्व स्थापित गर्ने तथा सरोकारवालाहरूको सहभागिताले पारदर्शी ढंगबाट सार्वजनिक कार्यको लेखाजोखा गरी सुधारात्मक कदम अगाडी बढाउन प्रेरित गर्दछ र सेवा प्रवाहमा पारदर्शीता, अपनत्व, उत्तरदायित्व, मितव्ययिता, प्रभावकारिता, गुणात्मकता जस्ता सारभूत तत्वहरूको सुनिश्चितता कायम गर्ने साथै सुशासन प्रवर्द्धन गर्ने, कार्य सम्पादनमा उद्देश्यमूलक, वस्तुपरक र कार्यमूलक ढंगले विश्लेषण गरी कार्यसम्पादन प्रक्रियामा इमान्दारीता, विवेकशीलता, सतर्कता, विश्वसनीयता र प्रभावकारीता अभिवृद्धि गर्दछ । समुदाय विकासका प्रापक नभई संवाहक र हर्ताकर्ता भएकाले विकास प्रक्रियाका हरेक चरणहरूमा उनीहरूको सामाजिक सक्रियतालाई संस्थागत र वैद्य तुल्याउनका लागि सामाजिक परीक्षण उपयुक्त, भरपर्दो र प्रभावकारी साधन हो । सामाजिक परीक्षणले योजना तथा कार्यक्रम सञ्चालनमा समुदायको पहुँच सुनिश्चित गर्ने, सूचना सम्प्रेषण, आवश्यक सुधार र सामाजिक अद्यावधिकरणका लागि पृष्ठपोषण प्रदान गर्ने एक निरन्तर प्रक्रिया हो । सामाजिक परीक्षण विद्यालयका विभिन्न व्यवस्थापकीय पक्षहरुको योजना तर्जुमा गर्न, सञ्चालन गर्न, योजना कार्यान्वयनमा समुदायको पहुँच वृद्धि गर्न र विद्यालयका गतिविधिहरूको अद्यावधिक गर्नका लागि सहयोगी हुने भएकोले सामाजिक परीक्षण अनिवार्य रूपमा निरन्तर विद्यालयहरुमा प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्ने हुन्छ (राई, २०६२) ।

व्यवसायिक संगठनहरूले आफ्ना ग्राहक, कर्मचारी, समाज, लगानीकर्ता, सामाजिक कल्याणसँग सम्बन्धित गतिविधि तथा क्रियाकलापहरूको गरिने मूल्याङ्कन नै सामाजिक परीक्षण हो । सामाजिक परीक्षण गर्नुको उद्देश्य संगठनात्मक कार्यको तस्वीर प्राप्त गर्नु, विभिन्न पक्षहरूबाट सबल र कमजोर पक्षहरू निर्धारण गर्नु, सबै पक्षबाट संगठनात्मक कार्य सम्पादनको मूल्याङ्कन गर्नु हो । सामाजिक उत्तरदायित्वका क्षेत्रमा नियोजित लक्ष्य प्राप्त गर्नका लागि गरेका कार्यहरूको मूल्याङ्कन गर्नुपर्छ (खड्का, २०६२) ।

सामाजिक परीक्षण आन्तरिक लेखा परीक्षण भन्दा फरक प्रकृतिको छ । यसले व्यवसायिक र पेशागत कार्य सम्पादनको क्रमबद्ध अध्ययन, विश्लेषण र अभिलेखको मूल्याङ्कन गर्दछ । सामाजिक परीक्षणले समुदाय वा समाजप्रति गर्नुपर्ने उत्तरदायित्वलाई पूरा गर्न प्रेरित गर्दछ । सामाजिक कार्य सम्पादन प्रति सजग रहने, विभिन्न कार्यक्रमको तुलना गर्ने र लागत लाभ विश्लेषण गर्ने उद्देश्यले सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षण व्यवसायिक जगत्मा ऐच्छिक भए पनि शैक्षिक संस्थाहरूमा अनिवार्य गर्नु उत्तम मानिन्छ (खड्का २०६२ मा उद्धृत) ।

विद्यालय समाजको गहना हो । यसले समुदायलाई सही मार्गमा डोऱ्याउनका लागि कार्य गर्दै आएको छ । विद्यालय र समुदायबीचको सम्बन्ध सुमधुर हुन आवश्यक छ । विद्यालयका व्यवस्थापकीय पक्षलाई प्रभावकारी ढंगले अगाडि बढाउन सामाजिक परीक्षणको आवश्यकता पर्दछ । विद्यालयको वास्तविक अवस्थालाई अभिभावक समक्ष प्रस्तुत गर्ने साधन बनेको सामाजिक परीक्षणले विद्यालय र समुदायबीच खेलेको भूमिका र यसले पार्ने प्रभावको लेखाजोखा गरेको हुन्छ । सामाजिक परीक्षणले विद्यालयको आर्थिक, भौतिक, मानवीय तथा शैक्षिक पक्षको अध्ययन गरेको हुन्छ । यसको माध्यमबाट विद्यालयमा हुने कमी कमजोरी पत्ता लगाई सुधार गर्नका लागि उपायहरुको खोजी गरिन्छ (झा, २०६८) ।

विद्यालयका सम्पूर्ण गतिविधिहरूमा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता रहनुपर्ने र सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा विद्यालयका गतिविधिहरूको समुचित परीक्षण हुनुपर्ने मान्यता अनुसार शिक्षा नियमावली, (२०५९) को नियम १७१(क) मा सामाजिक परीक्षण गर्ने व्यवस्था भएकोले यस कार्यलाई व्यवस्थित गर्नका लागि आवश्यक प्रक्रिया निर्धारण गर्न तथा जिम्मेवार संस्था तथा पदाधिकारीको उत्तरदायित्व एवम् भूमिका सुनिश्चित गर्न शिक्षा नियमावली, (२०५९) को नियम १९२ ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले यो निर्देशिका जारी गरेको छ । यो निर्देशिकाले व्यवस्था गरेअनुसार शिक्षक अभिभावक संघका अध्यक्षको संयोजकत्वमा ७ सदस्य विद्यालयको सामाजिक परीक्षण समितिको गठन गर्ने व्यवस्था रहेको छ । यसैगरी प्रत्येक सामुदायिक विद्यालयहरुले प्रत्येक वर्ष सामाजिक परीक्षण अनिवार्य रुपमा गराउनुपर्ने व्यवस्था रहेको छ । समितिले विद्यालयको सामाजिक परीक्षण प्रत्येक वर्षको भाद्र मसान्तभित्रमा गत आर्थिक वर्षको सामाजिक परीक्षण कार्य सम्पन्न गरी तयार पारिएको प्रतिवेदन सरोकारवालाहरूको भेला गराई छलफलका लागि प्रस्तुत गर्नुपर्ने

व्यवस्था छ । सामाजिक परीक्षण गर्दा सकारात्मक र सुधार गर्नुपर्ने विषय स्पस्ट खुलाई सोको प्रतिवेदन तयार गर्नुपर्ने छ (सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका, २०६५) ।

विद्यालयहरुबाट बनाईएका योजना, कार्यक्रम एंव बजेट कार्यान्वयन, शैक्षिक, भौतिक एंव व्यवस्थापनमा भएको लगानी र विद्यार्थी सिकाइ उपलब्धिको अवस्थासहितको प्रतिफलको विश्लेषण तथा शैक्षिक गतिविधिहरुको परीक्षण हुनुपर्ने मान्यता अनुसार शिक्षा नियमावली, २०५९ को नियम १७१ (क) मा सामाजिक परीक्षणको व्यवस्था भएबमोजिम विद्यालय शिक्षाको समग्र शैक्षिक व्यवथापकीय पक्ष तथा सञ्चालित कार्यक्रम बजेट एवम् प्राप्त स्रोत साधनको मितव्ययी ढंगले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्व विद्यालयका गतिविधिलाई सहभागिताालक, पारदर्शी एंव जवाफदेहि बनाई विद्यालय शिक्षा पद्दतिको सुदृढीकरण गर्न वाञ्छनीय भएकोले, अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ जारी गरिएको छ । विद्यालयले प्रत्येक वर्ष नियमावलीको नियम बमोजिमको समितिबाट सामाजिक परीक्षण अनिवार्य रुपमा गराउनु पर्नेछ । सामाजिक परीक्षणका लागि गरिने तयारी, छलफल एंव निर्णय गर्दा स्थानीय तहको सामाजिक/शिक्षा समितिको संयोजक वा प्रतिनिधिको सहभागिता गराउनुपर्नेछ । सामाजिक परीक्षण समितिले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक, व्यवस्थापकीय पक्षको मूल्याङ्कन गरी प्राविधिक समितिबाट पेश भएको प्रतिवेदन सहित गत आर्थिक वर्षको सामाजिक परीक्षण प्रत्येक वर्षको पहिलो चौमासिक भित्रमा सरोकारवालाहरुको भेला गराई छलफलका लागि प्रस्तुत गर्नु पर्नेछ (विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८) ।

सामाजिक परिक्षण एउटा विस्तृत परीक्षण हो । लेखा परीक्षण यसको एउटा सूचक मात्र हो । यसमा थुप्रै यस्ता सुचकहरू पर्दछन् जस्तै : विद्यार्थी प्रगति, भौतिक अवस्था, जिन्सी अभिलेख, विद्यार्थी हाजिरी, शिक्षक उपस्थिती विभिन्न व्यत्तिहरूबाट समय समयमा हुने गरेको अनुगमन र अवलोकनबाट प्राप्त सल्लाह, सुझावहरू र कार्यान्वयन पक्ष पर्दछन् । यी सबैको परीक्षण नै सामाजिक परीक्षण हो । यसले विद्यालयको सबल र दुर्वल पक्षहरूको लेखाजोखा गर्नुका साथै आवश्यक सुझावहरू प्रदान गर्दछ ।


## पुनरावलोकनको उपादेयता

प्रस्तुत सिद्धान्त र साहित्यहरुको पुनरावलोकनले सामाजिक परीक्षणको माध्यमबाट विद्यालयहरुमा हुने गरेका आर्थिक, शैक्षिक, भौतिक लगायतका सम्पूर्ण शैक्षिक क्रियाकलापहरुको अवस्था पहिचान, विद्यालय गतिविधिहरुमा सरोकारवालाहरुको भूमिका र यसमा देखिएका समस्याहरु केलाउन र समस्या समाधानका उपायहरु खोजी गर्न सहयोग पुग्ने देखिन्छन् । सामाजिक परीक्षण कार्यान्वयन गर्ने सरोकारवालाहरुलाई प्रभावकारी कार्यान्वयनका लागि समेत सहयोग पुऱ्याउँछन् । सामुदायिक विद्यालयहरूमा गरिने सामाजिक परीक्षणले सरोकारवालाहरूमा सकारात्मक भूमिका निर्वाह, सक्रिय सहभागिता र इमान्दारिता प्रदर्शनमा अभिप्रेरित गर्ने गरेको छ । साथै कार्यदक्षता अभिवृद्धिमा समेत प्रोत्साहित गर्ने गरेको छ । कुनै पनि कार्यको प्रभावकारी कार्यान्वयनका लागि योजना बनाउन, रणनिति तयार गर्न, विधि र प्रक्रिया अवलम्बनको व्यवस्थापन गर्न तथा कार्यान्वयनका दिशाहरुको मार्ग खोजी गर्न यस साहित्यले र सिद्धान्तले मार्ग प्रशस्त गरेको छ ।

प्रस्तुत साहित्य र सिद्धान्तले सामाजिक परीक्षण कार्यन्वयन गर्ने निकाय, व्यक्ति र संस्था आदिलाई प्रभावकारी कार्यन्वयनमा समेत सहयोग पुऱ्याएको छ । सामुदायिक विद्यालयमा सामाजिक परीक्षण सम्बन्धमा शोध पत्र तयार पार्नका लागि आवश्यक प्रक्रिया अवलम्बन, अध्ययन विधि छनोट, तथ्याङ्क संकलनका साधनहरुको प्रयोग, छलफल विधि तथा व्याख्या र विश्लेषणमा साहित्य र सिद्धान्तले सहयोग पुऱ्याएको छ । सामाजिक परीक्षण प्रभावकारी भएन भने समग्र शैक्षिक व्यवस्थापन नै प्रभावित हुने तथा सम्पूर्ण शैक्षिक लगानी खेर जाने तथ्य उजागर गर्दै प्रस्तुत सिद्धान्त र साहित्यले सामाजिक परीक्षण गर्ने र गराउने सरोकारवालाहरुलाई प्रभावकारी कार्यान्वयनका लागि घचघच्याउने कार्यमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**अवधारणात्मक खाका**

यो शोध अध्ययन निम्नानुसार अवधारणात्मक खाकामा आधारित छ ।




प्रस्तुत शोध विद्यालयको सम्पूर्ण शैक्षिक गतिविधिलाई सहभागितामूलक, पारदर्शी एवम् जवफदेहिता बनाई विद्यालय शिक्षा पद्दतिको सुदृढीकरण गर्न नियमित सामाजिक परीक्षण कार्य तथा प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो । विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार “सरोकारवाला” भन्नाले विद्यालयका शिक्षक, विद्यार्थी, विद्यालयसँग सम्बन्धित व्यक्ति, समुदाय, निकाय, संघ, संस्था वा पदाधिकारीसमेत सम्झनु पर्छ । यद्यपी विद्यालयमा सामाजिक परीक्षण कार्य तथा परीक्षण प्रतिवेदन कार्यान्वयनमा आइपर्ने जटिलता तथा समस्याहरुसंग जोड्दा प्रत्यक्ष भूमिकामा रहने विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा विद्यालय निरीक्षककारुपमा रहनु भएका स्थानिय तहका शिक्षा शाखाका नगर शिक्षा अधिकृतको भूमिकालाई अध्ययनको अवधारणात्मक खाकामा राखिएको छ । सरोकारवालाहरुबाट सम्पादित सामाजिक परीक्षण प्रतिवेदनको प्रभावकारी कार्यान्वयन, प्रतिफलमूखी व्यवस्थापन, पारदर्शी, दूरदर्शीता तथा कौशलता पूर्वक समस्याहरुको निराकरण शैक्षिक विकासको बलियो प्रमाण हो । फलस्वरुप विद्यालयको समग्र शैक्षिक पक्षमा सकारात्मक सुधार हुने सम्भावना बलियो भएर जाने अपेक्षा गरिएको छ ।

## परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अनुसन्धानको ढाँचा, नमूना जनसंख्या, नमूना छनौट प्रक्रिया, तथ्याङ्कका स्रोतहरु, तथ्याङ्क संकलनका साधनहरु, तथ्याङ्क सङ्कलन प्रक्रिया तथा तथ्याङ्क विश्लेषण प्रक्रियालाई उल्लेख गरिएको छ ।

### अनुसन्धानको ढाँचा

यस अनुसन्धानमा प्रस्तुत उद्देश्यहरु परिपूर्ति गर्ने लक्ष्य सहित सिमित स्रोत र साधनको परिधि भित्र रही गुणात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ ।

### अध्ययनको जनसंख्या तथा नमूना छनोट

प्रदेश नं.१, सुनसरी जिल्ला अन्तरगत रहेका दुहबी नगरपालीका क्षेत्र भित्रका २६ ओटा सामुदायिक विद्यालयहरु मध्ये ६ वटै माध्यमिक विद्यालयहरुमा यो अध्ययन केन्द्रित रहेको छ ।

### नमूना छनौट विधि र नमूनाको आकार

सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको अवस्थालाई अध्ययन गर्न उद्देश्यमूलक नमूना छनोट पद्धति लाई आधार बनाइएको छ । दुहबी नगरपालीकामा रहेका २६ ओटा सामुदायिक विद्यालयहरु मध्ये ६ वटा माध्यमिक विद्यालयहरुलाई उद्देश्यमूलक नमूनाको रूपमा छनौट गरिएको छ ।

दुहबी नगरपालीकामा रहेका २६ ओटा सामुदायिक विद्यालयहरुमा सामुदायिक माध्यमिक विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु ६ जना, शिक्षक अभिभावक संघका अध्यक्षहरु ६ जना तथा प्रधानाध्यापकहरु ६ जनालाई र २६ ओटै सामुदायिक विद्यालयहरुका २०४ जना शिक्षकहरु मध्ये माध्यमिक विद्यालयहरुका ६ जना शिक्षकहरुलाई नमूनाको रूपमा छनोट गरिएको छ । साथै दुहबी नगरपालीका शिक्षा, यूवा तथा खेलकूद शाखाका नगर शिक्षा अधिकृतलाई नमूनाको रूपमा छनोट गरिएको छ ।

### तथ्याङ्क संकलनका साधनहरु

प्रस्तुत अध्ययनमा अन्तर्वार्ता, अवलोकन, प्रश्नावली र छलफल जस्ता अनुसन्धान औजारहरूको प्रयोग गरि सरोकारवालाहरूको अनुभव, धारणा तथा तथ्याङ्कहरुलाई संकलन गरिएको छ ।

**अन्तरवार्ता र प्रश्नावली**

सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको अवस्थाको जानकारी प्राप्त गर्न अन्तरवार्ता लिइएको छ । सरोकारवालाहरूसँग पूर्व निर्मित प्रश्नावलीका साथै अन्तरवार्ताका माध्यमबाट सूचना तथा जानकारीहरू संकलन गरिएको छ । अन्तरवार्ता प्रश्नावलीहरुलाई अनुसूची १, २, ३, ४ र ५ मा राखिएको छ ।

**अवलोकन फाराम**

सामुदायिक विद्यालयहरुमा विद्यालयको सामाजिक परीक्षण अवस्थाको जानकारी प्राप्त गर्न एउटा अवलोकन फारामको निर्माण गरि विद्यालयको विविध पक्षहरूको सूचना, तथ्याङ्क र जानकारीहरू संकलन गरिएको छ ।

**समूह छलफल**

यस अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन छनोटमा परेका ६ वटै विद्यालयका प्र.अ., वि.व्य.स.अध्यक्ष, शि.अ. संघ अध्यक्ष, न.शि.अ., शिक्षकसँग समूह छलफल गरि सूचनाहरु, तथ्याङ्कहरु र जानकारीहरू संकलन गरिएको छ । समूह छलफलमा समावेश व्यक्तिहरुको नामावली अनुसूची ७, ८ र ९ मा राखिएको छ ।

**तथ्याङ्कको स्रोतहरु**

अनुसन्धानका लागि आवश्यक तथ्याङ्कहरु संकलन गर्न मूलतः दुई प्रकारका स्रोतहरुको प्रयोग गरिएको छ ।

प्राथमिक स्रोत

यसमा अन्तरवार्ता, प्रश्नावली, आवश्यकता अनुसार समूह छलफल, सहभागिहरुले दिएको प्रतिक्रिया र यससँग सम्बन्धित लिखत वा आधारहरुको टिपोट, स्थलगत अवलोकन साधनहरुको प्रयोग गरेर आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

द्वितीय स्रोत

अनुसन्धानको क्रममा पूर्व प्रकाशित तथा संकलित तथ्याङ्कहरुलाई सहायक स्रोतको रुपमा प्रयोग गरिएको छ । नमूना छनोटमा परेका विद्यालयहरुको अभिलेख, विद्यालयले प्रकाशन गरेका दस्तावेज, प्रकाशित तथा अप्रकाशित शोध पत्रहरु, पत्र-पत्रिकाका, लेखहरु र विभिन्न पुस्तकहरुको प्रयोग गरिएको छ ।

## तथ्याङ्क संकलन प्रक्रिया

नमूना जनसंख्याको तथ्याङ्क संकलनका लागि नमूनाको रूपमा लिइएका सवै विद्यालयहरूमा अध्ययनकर्ता स्वयम् उपस्थित भई विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष, शिक्षक तथा न. शि. अ. सँग अध्ययनको उद्देश्यबारे स्पष्ट पारि प्रश्नावली भराउने, अन्तरवार्ता लिने, छलफल गर्ने, अभिलेख राख्ने, अवलोकन गर्ने जस्ता कार्य गरि तथ्याङ्क, सूचना र जानकारी संकलन  गरिएको छ ।

## तथ्याङ्क विश्लेषण प्रक्रिया

विभिन्न श्रोतबाट प्राप्त तथ्यहरु, तथ्याङ्कहरू तथा सूचनाहरुलाई सिलसिलेबार रुपमा मिलाएर गुणात्मक तथा परिणात्मक ढंगले विश्लेषण गरिएको छ । संकलित तथ्याङ्कहरूलाई तालिका एवं प्रतिशतमा राखि विवरणात्मक रुपमा विश्लेषण गरिएको छ । संकलन गरिएका तथ्याङ्कहरुलाई सिद्धान्तसँग सम्बन्धित गर्दै व्याख्या एवं विश्लेषण गरिएको छ । साथै तथ्याङ्कलाई विभिन्न प्रकारका तथ्याङ्कशास्त्रीय विधिहरुको प्रयोगबाट विश्लेषण गरिएको छ । आवश्यकतानुसार तालिकाहरूमा पनि प्रस्तुत गरिएको छ । अध्ययनको उद्देश्य प्राप्तीका लागि सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तरवार्ता, अवलोकन, छलफल जस्ता विविध एवम् साधनहरुको प्रयोगबाट प्राप्त सूचनाहरुलाई शाब्दिक रुपमा व्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ ।

## परिच्छेद चार : नतिजाको छलफल

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणको अभ्यास कस्तो रहेको छ ? विद्यालयमा यस्को प्रभाव, सरोकारवलाहरुको भूमिका तथा सामाजिक परीक्षणमा कस्ता कस्ता समस्याहरू छन् ? त्यसको निराकरण कसरी गर्न सकिन्छ भन्ने आधारमा शोधपत्र तयार गर्ने क्रममा प्रश्नावली निर्माण गरी प्राप्त जवाफहरूलाई तथ्याङ्कको रुपमा सङ्कलन गर्दै प्रस्तुत गर्नुपर्ने महत्वपूर्ण कार्य यस परिच्छेदमा सम्पन्न गरिएको छ । नमूना छनोटमा परेका विद्यालयहरूमा पुगि त्यहाँबाट लिइएको तथ्याङ्कहरुलाई संकलन गरी अध्ययनको उद्देश्य पूर्ण गर्न सङ्कलित तथ्याङ्कहरुलाई यस परिच्छेदमा व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

यस अनुसन्धानमा सामुदायिक विद्यालयहरुका सरोकारवालाहरूसँग सामाजिक परीक्षणबारे गरेको छलफल, सामाजिक परीक्षणको वर्तमान अवस्था, सामाजिक परीक्षण कार्यमा स्थानिय सहभागिता, सरोकारवालाहरूको भूमिका, जवाफदेहिता, समस्याहरू सामाधान गर्न गरेको सहयोग, सामाजिक परीक्षणलाई कार्यान्वयन गर्दा के कस्तो प्रक्रियाहरू अपनाएको आदि बारे प्रत्यक्ष छलफल, सामूहिक प्रश्नावली, अवलोकन आदि साधनहरूको प्रयोग गरी प्राप्त सूचना, जानकारी र तथ्याङ्कहरूलाई व्याख्या विश्लेषणका साथै त्यसका प्राप्तीलाई समेटिएको छ ।

### विद्यालयमा सामाजिक परीक्षणको अभ्यास

विद्यालयहरुबाट बनाईएका योजना, कार्यक्रम एवम् बजेट कार्यान्वयन, शैक्षिक, भौतिक एवम् व्यवस्थापनमा भएको लगानी र विद्यार्थी सिकाइ उपलब्धीको अवस्थासहितको प्रतिफलको विश्लेषण तथा शैक्षिक गतिविधिहरुको परीक्षणलाई सामाजिक परीक्षण सम्झनु पर्दछ । विद्यालय शिक्षाको समग्र शैक्षिक व्यवस्थापकिय पक्ष तथा सञ्चालित कार्यक्रमहरु, बजेट एंव प्राप्त स्रोत साधनको मितव्ययी ढंगले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिविधिलाई सहभागितामूलक पारदर्शी एंव जवाफदेहि बनाइ विद्यालय शिक्षा पद्दतिको सुदृढीकरण गर्न वाञ्छनीय भएकोले अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ जारी गरेको छ । जस अनुसार विद्यालयले प्रत्येक वर्ष शिक्षा नियमावलीको नियम १७१ (क) बमोजिमको समितिबाट सामाजिक परीक्षण अनिवार्य गराउनु पर्नेछ । सामाजिक परीक्षण समितिले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक,

व्यवस्थापकीय पक्षको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नु पर्दछ । सामाजिक परीक्षण प्रतिवेदन एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त हुने स्कुल रिपोर्ट कार्ड समेत संलग्न गरी पहिलो चौमासिकभित्र सम्बन्धित स्थानिय तहमा पेश गर्नु पर्नेछ (विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ ) ।

विद्यालय स्तरमा वि. व्य. स. तथा शिक्षक अभिभावक सङ्घको संयुक्त बैठक बसी विद्यालयका योजना तथा कार्यक्रमका सम्बन्धमा छलफल गर्नुपर्दछ । विद्यालयहरुमा विभिन्न शीर्षकमा अनुदान आउने गर्दछ । लेखा मापदण्डमा भएका व्यवस्था अनुसार विद्यालयहरुले आवधिक रुपमा वित्तीय विवरण तयार गरी समयमा नै सामाजिक परीक्षण गर्नुपर्दछ । विद्यालय सार्वजनिक स्थल भएकोले विद्यालयसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको समूचित परीक्षण सरोकारवालाहरूकै संलग्नतामा उनीहरूकै बीचमा गर्नुपर्दछ र त्यहाँ हुने आर्थिक, भौतिक, शैक्षिक र मानवमूल्यका गतिविधिहरूमा सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता रहनु पर्दछ । मुख्यतया सामाजिक परीक्षण गर्ने गराउने सम्पूर्ण कार्यमा महत्वपूर्ण भूमिका शिक्षक अभिभावक संघको हुने व्यवस्था रहेको छ । सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको वर्तमान अभ्यास कस्तो रहेको छ भनि गरिएको अध्ययनमा सरोकारवालाहरूले दिएका प्रतिक्रियालाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

**सरोकारवालाहरुमा सामाजिक परीक्षणको जानकारी**

विद्यालयले प्रत्येक वर्ष शिक्षा नियमावलीको नियम १७१ (क) वमोजिमको समितिबाट सामाजिक परीक्षण अनिवार्य रुपमा गराउनु पर्ने प्रावधान रहेको हुनाले सरोकारवालाहरु सबैमा सामाजिक परीक्षण सम्बन्धमा आवश्यक जानकारी हुनुपर्दछ । नमुना छनौटमा परेका विद्यालयहरूका सरोकारवालाहरूमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र शिक्षक अभिभावक संघका अध्यक्षहरु सबै जनालाई सामाजिक परीक्षण सम्बन्धमा पूर्ण जानकारी नभई सामान्य जानकारी मात्र भएको प्रतिक्रिया प्राप्त भयो । विद्यालयका प्रधानाध्यापकहरु, शिक्षकहरुलाई भने सामाजिक परीक्षण सम्बन्धमा पूर्ण जानकारी भएको तथा नगर शिक्षा अधिकारीलाई पनि सामाजिक परीक्षण सम्बन्धमा पूर्ण जानकारी भएको प्राप्त भयो ।

सामुदायिक विद्यालयका सरोकारवालाहरु पदाधिकारीहरुलाई विद्यालयमा कार्यान्वयनमा रहेको सामाजिक परीक्षणको सम्बन्धमा मिश्रित जानकारी रहेको पाइयो । विद्यालयका ४८ प्रतिशत सरोकारवालाहरूलाई सामाजिक परीक्षणको सम्बन्धमा सामान्य मात्र जानकारी रहेको

पाइयो । सामाजिक परीक्षण समितिका संयोजक रहने शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई समेत सामान्य जानकारी मात्र हुनु परीक्षणको विश्वसनियतामा नै गम्भिर सवाल उठाएको देखिन्छ । विद्यालयको नियमित कार्यको जिम्मेवारी प्रधानाध्यापकको रहेको भन्दै अन्य पदीय जिम्मेवारी पाएका सरोकारवालाहरु पन्छिने गरेको पाइएको छ । सामाजिक परीक्षण अत्यन्त गहन विषय भएकोले सरोकारवालाहरू स्वयम्ले दायित्वबोध गरी जिम्मेवार हुनु जरुरी रहेको पाइयो । साथै सम्बन्धित निकायहरूबाट सरोकारवालाहरूलाई सामाजिक परीक्षणको सम्बन्धमा कुनै किसिमको अभिमुखिकरण, तालिम, गोष्ठी, अनुगमन, निरीक्षण तथा प्रोत्साहित गर्न समन्वयकारी भूमिका निर्वाह गरेको पाइएन ।

**समयमा सामाजिक परीक्षण गर्ने विद्यालय**

विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ मा व्यवस्था भएवमोजिमको समयसीमा भित्र ३६ प्रतिशत विद्यालयहरुले सामाजिक परीक्षण कार्य सम्पन्न गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश  गरेको पाइयो । समयमा नै सामाजिक परीक्षण गर्ने ती विद्यालयहरुलाई सम्बन्धित निकायले  पुरस्कारको हकदार नबनाएपनि सकारात्मक प्रतिक्रिया देखाउने गरेको पाइयो ।

**समय बितेपछि सामाजिक परीक्षण गर्ने विद्यालय**

नमूना छनोटमा परेका ६ वटा सामुदायिक माध्यमिक विद्यालयहरू मध्ये ४० प्रतिशत विद्यालयहरुले तोकिएको समयसीमा कटिसकेपछि सामाजिक परीक्षण कार्य सम्पन्न गर्ने गरेको पाइयो ।

**सामाजिक परीक्षण गर्दै नगर्ने विद्यालय**

नमूना छनोटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये एउटा विद्यालयले अघिल्ला वर्षहरुमा पनि नियमितरुपमा सामाजिक परीक्षण कार्य नगरेको र आ.व. २०७७/७८ को सामाजिक परीक्षण नगरेको पाइयो ।

**सामाजिक परीक्षण नगर्दा कारबाहीमा परेका विद्यालयहरु**

समयमा सामाजिक परीक्षण नगर्ने वा गर्दै नगर्ने विद्यालयहरूलाई विभागीय कारबाहीका लागि स्पष्ट  नीति नभएको जानकारी सम्बन्धित निकायले गराउँदै आर्थिक लेखा परीक्षण नगर्ने विद्यालयहरुलाई कारबाही गर्ने गरेको तर सामाजिक परीक्षण कार्य समयमा नगर्ने

विद्यालयहरूलाई समयमा नै गर्न नसिहत दिने गरेको तथा परीक्षण कार्य गर्दै नगर्ने विद्यालयलाई कुनै कारबाही नगरी अबदेखि यसो नगर्न सामान्य निर्देशन मात्र दिने गरेको पाइएको छ ।

**विद्यालयको वार्षिक अभिलेखीकरण**

नमूना छनोटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुको शैक्षिक, भौतिक, आर्थिक एवम् समग्र गतिविधिहरुको वार्षिकरुपमा अभिलेख राख्ने कार्यको सन्दर्भमा अधिकांश विद्यालयहरुमा प्रधानाध्यापक र विद्यालय सहायक कर्मचारीले राख्ने गरेको पाइयो भने कतै दक्ष कर्मचारीको अभावका कारण देखाई प्रधानाध्यापक आफैले विद्यालयको सम्पूर्ण क्रियाकलापहरुको अभिलेख राख्ने गरेको र कतै त कर्मचारी नियुक्ति हुन नसकेर विद्यालयका प्रधानाध्यापक र सहायक शिक्षकले विद्यालय गतिविधिहरुको वार्षिक अभिलेख राख्ने गरेको पाइयो ।

**विद्यालयको आर्थिक, भौतिक तथा जिन्सी अभिलेख राख्ने शैली**

विद्यालयहरुमा भौतिक संसाधनको उपलब्धता र प्रयोगको अवस्था तथा नगद, जिन्सी आम्दानी र खर्चको अभिलेख धेरै विद्यालयहरुले पहिला व्यवस्थित नराख्ने गरेकोले आवश्यक परेको बखत जानकारी गर्न गराउन नसक्ने अवस्था थियो । वैज्ञानिक प्रणालीबाट अभिलेख राख्नुपर्ने विधिको विकास गर्न सरोकारवाला निकायको पहलमा विगतमा आयोजन गरिएको छोटो अवधीको तालिमले विद्यालयको आर्थिक, भौतिक तथा जिन्सी अभिलेख राख्न पूर्ण दक्षता प्राप्त गर्न नसकिएकाले परम्परागत शैलीबाट नै अभिलेख राख्ने कार्य गरी गराई गर्जो टार्ने प्रवृत्ती हावी रहेको देखिन्छ । परम्परागत अभिलेखीकरण कार्यलाई परिवर्तन गरी वैज्ञानिक र पारदर्शी बनाउनुपर्ने तथ्यलाई आत्मसात गर्दै प्रधानाध्यापकहरु, अभिलेख राख्ने शिक्षकहरु र कर्मचारीहरु वैज्ञानिक अभिलेखीकरण तर्फ अग्रसर हुन थालेको देखियो ।

विद्यालयको आर्थिक, भौतिक तथा जिन्सी अभिलेख राख्ने शैली सम्बन्धमा नमुना छनोटमा परेका ६ वटै सामुदायिक माध्यमिक विद्यालयहरुको स्थलगतरुपमा तथ्याङ्क संकलन गर्दा २ वटा विद्यालयले परम्परागत शैलीमा र ४ वटा विद्यालयले सुधारिएको शैलीमा आर्थिक अभिलेख राखेको पाइयो । विद्यालयको भौतिक सम्पत्तीको अभिलेख ६ वटै विद्यालयले परम्परागत शैलीमा राखेको पाइयो भने ४ वटा सामुदायिक माध्यमिक विद्यालयले परम्परागत शैलीमा र २ वटा विद्यालयले सुधारिएको शैलीमा विद्यालयको जिन्सी अभिलेख अभिलेखीकरण

गरेको पाइयो । यस अध्ययनको नमुना छनोटमा परेका कुनैपनि सामुदायिक माध्यमिक विद्यालयहरुले विद्यालयको आर्थिक, भौतिक तथा जिन्सी अभिलेख वैज्ञानिक तवरले नराखेको तथ्याङ्क स्थलगत सर्वेक्षणबाट प्राप्त भयो ।

सामुदायिक माध्यमिक विद्यालयहरुमा आय-व्ययको अभिलेख व्यवस्थित र पारदर्शी तरिकाले राख्ने प्रयास गरेको तथा आर्थिक अभिलेखीकरणलाई वैज्ञानिक बनाउन सुधारोन्मुख दिशाा तर्फ अग्रसर रहेको पाइयो । ६७ प्रतिशत विद्यालयहरुले पूर्ण नभएपनि आंशिकरुपमा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार आर्थिक अभिलेख राखेको पाइएको छ । प्रधानाध्यापकहरु आर्थिक अभिलेखलाई पारदर्शी र वैज्ञानिक बनाउन तत्पर र प्रयासरत रहेको पाइयो । तथापी लेखा सम्बन्धी ज्ञानको अभावका कारण अभिलेखहरुलाई वैज्ञानिक बनाउनुपर्ने जिम्मेवारीमा भने अड्चन अवश्य नै आईरहेको पाइयो ।

विद्यालयहरुको भौतिक संसाधनको वर्तमान अवस्थाको अभिलेख जानकारीका लागि सामाजिक परीक्षण समितिलाई आवश्यकता पर्ने भएकोले परम्परागत विधिबाट भएपनि विद्यालयहरुले अभिलेख व्यवस्थापन गरेको पाइयो । ६७ प्रतिशत सामुदायिक माध्यमिक विद्यालयहरुले जिन्सी आम्दानी र खर्चको अभिलेख परम्परागत शैलीमा राखेको र ३३ प्रतिशत विद्यालयहरुको अभिलेख राख्ने शैली सुधारोन्मुख रहेको पाइयो ।

**सामाजिक परीक्षण प्रतिवेदनको सार्वजनिक**

विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ वमोजिम सामाजिक परीक्षण समितिले निर्माण गरेको विज्ञहरुको प्राविधिक उपसमितिको प्रतिवेदनसहित गत आर्थिक वर्षको सामाजिक परीक्षण प्रतिवेदन सरोकारवालाहरुको भेला गराई छलफलका लागि प्रस्तुत गर्नु पर्ने व्यवस्था रहेको भएपनि विद्यालयले यसो गर्ने गरेको देखिएनन् । सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने अवस्थाको सूचना संकलनका सन्दर्भमा स्थलगत सर्वेक्षणबाट श्री सरस्वती माध्यमिक विद्यालय, श्री विष्णु माध्यमिक विद्यालय र श्री शाल्पा माध्यमिक विद्यालयले सरोकारवालाहरुको भेला नगराएको तथा श्री गोपाल माध्यमिक विद्यालय र श्री हिमालय आदर्श माध्यमिक विद्यालयले सरोकारवालाहरुको भेला गराएको देखियो भने श्री जनता माध्यमिक विद्यालयले आ.व. २०७८/०७९ को सामाजिक परीक्षण नै नगरेको हुनाले सरोकारवालाहरुको भेलाको बोलाईएको पाईएन । सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने विद्यालयहरु क्रमश: श्री

गोपाल माध्यमिक विद्यालयको जम्मा अभिभावक संख्या ४१२ मा ५६ जना अभिभावकको उपस्थिति र श्री हिमालय आदर्श माध्यमिक विद्यालयको ५८८ मा ३१ जना अभिभावकको मात्र उपस्थिति रहेको पाइयो । विद्यालयका शिक्षक, विद्यार्थी, विद्यालयसँग सम्बन्धित व्यक्ति, समुदाय, निकाय, सङ्घ, संस्था वा पदाधिकारीहरु विद्यालयका सरोकारवालाहरु भएपनि सामाजिक परीक्षण सम्बन्धमा अभिभावकहरुको संख्यालाई मात्र प्रतिनिधित्व गराइएको छ । र सोहि तथ्याङ्कको आधारमा सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने प्रवृत्तिको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

नमूना छनोटमा परेका अधिकांश विद्यालयहरुले सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक नगर्ने गरेको पाइयो । दुईवटा विद्यालयले मात्र सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गरेको छ । तरपनि सरोकारवालाहरुको न्यून उपस्थिति देखिएकोले सबैको सुझाव समेट्न प्रतिवेदन असफल रहेको पुष्टि हुन्छ । सामाजिक परीक्षण कार्य गरेतापनि प्रतिवेदन सार्वजनिक गर्ने तर्फ विद्यालयहरु उदासिन रहनुले कार्यान्वयनको प्रभावकारीतामा सवाल उत्पन्न गराएको छ ।

**विद्यालय सञ्चालन तथा मूल्याङ्कनको अवस्था**

**विद्यालय सञ्चालनको अवस्था**

विद्यालय शिक्षामा विद्यालयको गतिविधि अर्न्तगतका अनेकन शैक्षिक क्रियाकलापहरुको तथ्याङ्क र त्यसको विश्लेषण सामाजिक परीक्षण प्रतिवेदनमा समावेश गरिएको हुन्छ । भौतिक, आर्थिक एवम् शैक्षिक व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध राख्ने यि विषयवस्तुहरुले विद्यालयको चौतर्फी विकासमा ठूलो प्रभाव पारिरहेको हुन्छ । विद्यालयका गतिविधिहरुले प्रभाव पार्ने कैयन क्षेत्रहरु मध्ये विद्यालय सञ्चालनको अवस्थाले शैक्षिक उपलब्धीसँग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ ।

नमूना छनोटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरु वर्षमा क्रमश: श्री सरस्वती माध्यमिक विद्यालय २३० दिन विद्यालय खुलेको र ११७ दिन पढाइ भएको, श्री विष्णु माध्यमिक विद्यालय २२२ दिन विद्यालय खुलेको र १११ दिन पढाइ भएको, श्री जनता माध्यमिक विद्यालय २१९ दिन विद्यालय खुलेको र १०२ दिन पढाइ भएको, श्री गोपाल माध्यमिक विद्यालय २१० दिन विद्यालय खुलेको र १०८ दिन पढाइ भएको, श्री हिमालय आदर्श माध्यमिक विद्यालय २०७ दिन विद्यालय खुलेको र १७५ दिन पढाइ भएको तथा श्री शाल्पा माध्यमिक विद्यालय २१३ दिन विद्यालय खुलेको र १०९ दिन पढाइ भएको तथ्याङ्क प्राप्त भएको छ भने परीक्षा सञ्चालन भएको दिन सवै विद्यालयहरुको समान १६ दिन रहेको छ ।

एक शैक्षिक सत्रमा २४० दिन विद्यालय खुल्नु पर्ने तथा पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार १९२ दिन पढाइ हुनुपर्ने भएपनि विविध कारणवश विद्यालयहरुमा सो वमोजिम भेटिएनन् । विश्व महामारी कोभिड १९ बाट प्रभावित भएको भनिएतापनि अन्य अवस्थाहरुमा पनि तोकिए वमोजिम विद्यालय नखुल्ने तथा पढाइ नहुने तथ्य खुल्न आएको छ । नगर क्षेत्र भित्रका विद्यालयहरुमा विद्यालय खुलेको दिनमा नजिकको समानता हुनुपर्नेमा त्यो देखिएनन् साथै पढाइ भएको दिनमा पनि अन्तर देखियो भने परीक्षा भएको दिन सबैमा समान रहेको अवस्था भेटियो ।

कोभिड १९ को विश्व महामारीको कारणले विद्यालयमा निकै कम दिन पठन पाठन भएका कारणले त्यो शैक्षिक सत्रमा दुईवटा परीक्षा मात्र सञ्चालन भएको हुँदा परीक्षा सञ्चालन दिन कम देखिएको तथ्य उजागर हुन आयो । समग्रमा विद्यालय सञ्चालन तथा पढाइ भएको  दिनमा विद्यालयकरु बिचको देखिएको अन्तर सम्बन्धमा सम्बन्धित निकाय अनभिज्ञ रहेको बुझ्न सकिन्छ ।

**विद्यालय मूल्याङ्कनको अवस्था**

शिक्षा नियमावली २०५९ को नियम १७१ (क) बमोजिम सामाजिक परीक्षण कार्य सम्पन्न गरी तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी विद्यालयमा सार्वजनिक गर्ने तथा सम्बन्धित निकायमा पेश गर्नुपर्दछ । विद्यालयहरुको सामाजिक परीक्षण प्रतिवेदनमा विद्यालयमा हुने विविध गतिविधिहरुलाई आठवटा शीर्षक तथा पैंतीसवटा उपशीर्षकमा विभाजन गरी विद्यालयको आर्थिक, भौतिक, शैक्षिक, व्यवस्थापकीय पक्षमा विद्यालयहरुको कार्य सम्पादनको आधारमा विद्यालयहरुको अवस्था मूल्याङ्कनलाइ गरिएको हुन्छ ।

सामाजिक परीक्षण प्रतिवेदनलाई आधार मानेर विभिन्न आठवटा शीर्षकहरु वैठक र निर्णय कार्यान्वयनको पूर्णाङ्क १० मा क्रमश: श्री सरस्वती मा.वि. ले ७ अङ्क, श्री विष्णु मा.वि., श्री गोपाल मा.वि., श्री हिमालय आदर्श मा.वि. ले समान ८/८ अङ्क र श्री शाल्पा मा.वि. ले ९ अङ्क प्राप्त गरेको छ । विद्यालयको नाममा रहेको जग्गा एवम् स्रोतको उपयोगको अवस्थाको पूर्णाङ्क १० मा क्रमश: श्री सरस्वती मा.वि., श्री विष्णु मा.वि.,श्री गोपाल मा.वि., श्री हिमालय आदर्श मा.वि. र श्री शाल्पा मा.वि. ले समान ९/९ अङ्क प्राप्त गरेको छ । पारदर्शीता सम्बन्धी क्रियाकलापको पूर्णाङ्क १० मा क्रमश:, श्री सरस्वती मा.वि. ले ८ अङ्क, श्री विष्णु मा.वि., श्री गोपाल मा.वि., श्री हिमालय आदर्श मा.वि. र श्री शाल्पा मा.वि. ले समान ७/७ अङ्क प्राप्त

गरेको छ । तथ्याङ्क विवरण एवम् विद्यालय प्रोफाइलको प्रयोगको पूर्णाङ्क ८ मा क्रमश: श्री सरस्वती मा.वि. र श्री हिमालय आदर्श मा.वि. ले समान ७/७ अङ्क, श्री विष्णु मा.वि. ले ६ अङ्क तथा श्री गोपाल मा.वि. र श्री शाल्पा मा.वि. ले समान ५/५ अङ्क प्राप्त गरेको छ । विद्यालय सञ्चालन/उपलब्धिको पूर्णाङ्क २२ मा क्रमश: श्री सरस्वती मा.वि. ले १३ अङ्क, श्री विष्णु मा.वि. र श्री शाल्पा मा.वि. ले समान १४/१४ तथा श्री गोपाल मा.वि. र श्री हिमालय आदर्श मा.वि. ले समान १०/१० अङ्क प्राप्त गरेको छ । आर्थिक प्रणालीको व्यवस्थापनको पूर्णाङ्क १० मा क्रमश: , श्री सरस्वती मा.वि. ले ६ अङ्क, श्री शाल्पा मा.वि. ले ८ अङ्क तथा श्री विष्णु मा.वि., श्री गोपाल मा.वि. र श्री हिमालय आदर्श मा.वि. ले समान ९/९ अङ्क प्राप्त गरेको छ । विद्यार्थीको सुविधा तथा सहयोगको पूर्णाङ्क १५ मा क्रमश: श्री सरस्वती मा.वि. ले १२ अङ्क, श्री विष्णु मा.वि. ले ९ अङ्क, श्री गोपाल मा.वि. ले ११ अङ्क तथा श्री हिमालय आदर्श मा.वि. र श्री शाल्पा मा.वि. ले समान १०/१० अङ्क प्राप्त गरेको छ । कार्यसम्पादन संस्कृतिको १५ पूर्णाङ्क मा क्रमश: श्री सरस्वती मा.वि. ले ७ अङ्क, श्री विष्णु मा.वि. ले २ अङ्क, श्री गोपाल मा.वि. र श्री हिमालय आदर्श मा.वि. ले समान ५/५ अङ्क, तथा श्री शाल्पा मा.वि. ले ४ अङ्क प्राप्त गरेको छ । विभिन्न आठवटा शिर्षकहरुको जम्मा पूर्णाङ्क १०० मा क्रमश: श्री सरस्वती मा.वि. ले ६९ अङ्क, श्री विष्णु मा.वि र श्री गोपाल मा.वि. ले समान ६४/६४ अङ्क, श्री हिमालय आदर्श मा.वि. ले ६५ तथा श्री शाल्पा मा.वि. ले ६६ अङ्क प्राप्त गरेको छ ।

दुहबी नगरपालिका भित्रका सबै सामुदायिक माध्यमिक विद्यालयहरुलाई यस अध्ययनमा समेटिएको भएपनि एउटा विद्यालयले सामाजिक परीक्षण  कार्य नगरेकोले अध्ययनको उद्देश्यको अनुरुप छ वटै सामुदायिक माध्यमिक विद्यालयको सामाजिक परीक्षण प्रतिवेदनको तुलनात्मक अध्ययन हुन सकेनन् । विद्यालय व्यवस्थापन समितिले सामाजिक परीक्षण समितिलाई उपलब्ध गराएको संस्थागत बैठक एवम् निर्णय र निर्णय कार्यान्वयन अवस्था, विद्यालयको सम्पत्ति र उपयोग, पारदर्शीताका लागि सम्पादित कार्यहरु, विद्यालय सेवा क्षेत्रसँग सम्बन्धित, विद्यालयमा भएको विद्यार्थी विवरण/तथ्याङ्क अद्यावधिक गरेको अवस्था, शिक्षण सिकाइ र उपलब्धि, विद्यालयका सञ्चालन, विद्यालयको वार्षिक आय व्यय विवरण, विद्यालयमा गत आर्थिक वर्षमा संघ संस्थाबाट भएको सहयोग र विद्यार्थी दिवा खाजा कार्यक्रम आदि विषयहरु समेतको कार्यसम्पादनका आधारमा सामाजिक परीक्षण समितिले गरेको मूल्याङ्कनलाई निम्नानुसार विष्लेषण गरिएको छ ।

सामाजिक परीक्षण समितिबाट तयार गरेको मूल्याङ्कन प्रतिवेदनहरुको अवस्था विश्लेषण गर्दा विद्यालयहरुले प्राप्त गरेको अंक हेर्दा ७० प्रतिशत वा सो भन्दा बढी अंक कुनै विद्यालयले प्राप्त गरेका छैनन् ।क विद्यालय सञ्चालन⁄उपलब्धि र कार्यसम्पादन स)स्कृति विषयमा विद्यालयहरुले न्यून अंक प्राप्त गरेको देखिन्छ । विद्यालयमा सञ्चालित कक्षा मध्ये माथिल्लो कक्षा (५, ८ र १० मध्ये एक) का विद्यार्थीहरुले नेपाली, अंग्रेजी र विज्ञान विषयमा प्राप्त गरेको औषत सिकाइ उपलब्धि ६० प्रतिशत भन्दा बढी नरहेको, शिक्षकले कक्षामा विताएको समयको अभिलेख राख्ने व्यवस्था नगरिएको, शिक्षकलाई जिम्मेवारी तोकेर कक्षाकोठामा टाँस नगरिएको, स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयन नभएको, तहगत शिक्षक इन्चार्जको व्यवस्था नभएको तथा विद्यालयले आफ्नै पहलमा सञ्चालन गरेको रचनात्मक कार्य नगर्नु न्यून मूल्याङ्कनको प्रमुख कारण बुझ्न सकिन्छ । यसले विद्यालयहरुको कार्यसम्पादन राम्रो नभई संतोषजनक मात्र रहेको देखाउँछ । साथै यसले विद्यालयहरुको कार्यसम्पादन अति प्रभावकारी नभई संतोषजनक मात्र रहेको देखाउँछ ।

## सामाजिक परीक्षण कार्यमा सरोकारवालाहरुको भूमिका

वर्तमान अवस्थालाई नियालेर हेर्दा सामाजिक परीक्षण कार्य विद्यालयहरुका लागि एक जल्दो बल्दो समस्याको रूपमा लिन थालिएको छ । सामाजिक परीक्षणबाट विद्यालय शिक्षाप्रति चासो राख्ने आम जनमानसको भावनाको कदरलाई सम्बोधन गर्न सकेन । जुन उद्देश्यले सामाजिक परीक्षणको सुरुवात गरियो त्यो उद्देश्य पुरागर्न सफल देखिएन । सामाजिक परीक्षण अनिवार्य गरेता पनि सरोकारवालाहरुका लागि यो एउटा औपचारिकतामा मात्र सिमित छ । सामाजिक परीक्षण कार्य प्रति सरोकारवालाहरु जिम्मेवार नहुँदा विद्यालय विकासका लागि यो पूर्णरुपमा सहयोगी सावित हुन सकेको छैन । तसर्थ सामाजिक परीक्षण कार्य किन प्रभावकारी हुन सकेन ? सरोकारवालाहरुको भूमिकामा सदैव प्रश्न उठ्ने गरेको छ । सामुदायिक विद्यालयप्रति अभिभावकहरूको घट्दो रुची र वेवास्ताले विद्यालय विकासमा अवरोध पुगेको नै छ साथै उपलब्धि र शिक्षाको गुणस्तर दिनदिनै खँस्कदै जानु, आर्थिक अनियमितता तथा अपारदर्शीता जस्ता गहन विषयले सामाजिक परिक्षणको प्रभावकारीता माथी प्रश्न उठाएको छ । तसर्थ सामाजिक परीक्षण कार्यका सरोकारवालाहरुको भूमिका के कस्तो रहेको छ भन्ने विषयलाई यो अध्ययनमा अगाडि बढाइएको छ ।

### सामाजिक परीक्षण कार्यमा प्रधानाध्यापकको भूमिका

विद्यालयको प्रधानाध्यापक विद्यालय सञ्चालन एवम् व्यवस्थापनको प्रमुख कप्तानको रुपमा रहेको हुन्छ । विद्यालयमा सामाजिक परीक्षण गराउने अहम् भूमिका प्रधानाध्यापकको हुने हुनाले सामाजिक परीक्षण कार्यका लागि उपयुक्त वातावरण निमार्ण गर्ने, तथ्याङ्क तथा अभिलेखहरु उपलब्ध गराउने जिम्मेवारी प्रधानाध्पापकको हुन्छ । तसर्थ अध्ययन क्षेत्र भित्रका विद्यालयहरुको प्रधानाध्यापकहरुको भूमिका विश्लेषण गर्दा विद्यालयको सामाजिक परीक्षण कार्य गराउन प्रधानाध्यापक तत्पर रहेपनि अन्य सरोकारवलाहरुको सो कार्य प्रतिको उदासिनताका कारणले प्रभावकारी हुन सकेको छैन ।

सामाजिक परीक्षण कार्यको प्रमुख भूमिकामा रहने शिक्षक अभिभावक संघमा दक्षताको अभाव, जानकारीको अभाव तथा समय उपलब्ध गराउन नसक्ने स्थिति प्राय देखिएकोले जसरी पनि कार्य सम्पन्न गर्नुपर्ने बाध्यताका कारणले प्रधानाध्यापकद्वारा आफ्नो विश्वसपात्र कनै शिक्षकको सहायताले सामाजिक परीक्षणको तोके वमोजिमको ढाँचाको फरम्याट भरी सरोकारवलाहरुमा कुनै छलफल नगरी कार्य सम्पन्न गर्ने गरेको तथ्य जानकारीमा आयो । आफु र आफ्नो सहयोगी मिलेर आफ्नो अनुकूल तयार भएको सामाजिक परीक्षण प्रतिवेदनमा सरोकारवलाहरुको वास्तविक सुझाव समावेश नभएको हुँदा कार्यान्वयनमा प्रधानाध्यापकहरुले खासै ध्यान नदिएको पाइयो ।

सामाजिक परीक्षण कार्यमा सरोकारवलाहरुको आ-आफ्नो दायित्वबाट पन्छीने प्रवृत्तीका  कारणले विश्सनीयतामा प्रश्न उठ्नुका साथै सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन नहुने  सम्बन्धमा प्रधानाध्यापक माथि आरोप लाग्ने गरेको पाइन्छ । समग्रमा राज्यले तोकेको गहन जिम्मेवारी पुरा गर्ने प्रधानाध्यापकको भूमिमा औपचारिकता पुरा गर्न मात्र केन्द्रित रहेको यस अध्ययनले देखाएको छ ।

### सामाजिक परीक्षण कार्यमा वि.व्य.स. को भूमिका

सामाजिक परीक्षण कार्यमा विद्यालय व्यवस्थापन समितिको अहम् भूमिका हुन्छ । तर वि.व्य.स.ले आफ्नो जिम्मेवारी पूर्णरुपमा निर्वाह गरेको पाईँदैनन् । सामाजिक परीक्षण सम्बन्धमा वि.व्य.स.का पदाधिकारीहरु प्रधानाध्यापकलाई देखाउँदै आफ्नो प्रत्यक्ष भूमिकाबाट पन्छिने गरेको वास्तविकता अध्ययनबाट स्पष्ट भएको छ ।

शिक्षा नियमावली नियम १७१ (क) बमोजिम सामाजिक परीक्षण समिति गठन भएपछि सो समितिलाई विद्यालयको अवस्था जानकारी गराउने, विद्यालयमा भए गरेका क्रियाकलापहरुको तथ्याङ्क वा अभिलेख उपलब्ध गराउने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समितिको भएपनि विद्यालयका प्रधानाध्यापकलाई देखाउँदै वि.व्य.स. का अध्यक्षसहित अन्य पदाधिकारीहरु पन्छिने गरेको अध्ययनले देखिएको छ । साथै विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको ध्यान आर्थिक पक्ष तथा शिक्षक नियुक्ति र सरुवामा बढी केन्द्रित रहने गरेको देखिन्छ । विद्यालयको सम्पूर्ण क्रियाकलापहरुको लेखाजोखा सामाजिक परीक्षण भएकाले भए गरेको कार्यको नैतीक जिम्मेवारी ग्रहण गरी आवश्यक सहयोग पुऱ्याउन विद्यालय व्यवस्थापन समितिको सक्रिय भूमिका हुनु जरुरी देखिन्छ ।

## सामाजिक परीक्षण कार्यमा शि.अ.संघको भूमिका

सामुदायिक विद्यालयमा सामाजिक परीक्षण कार्य अनिवार्य छ । यस कार्यको नीतिगत जिम्मेवारी शि. अ. संघमा रहेको छ । शिक्षक अभिभावक संघको संयोजकत्वमा सामाजिक परीक्षण समिति गठन भई प्राविधिक उपसमितिको सहयोगमा परीक्षण कार्य सम्पन्न गनुपर्ने हुन्छ । विद्यालयमा हुने सम्पूर्ण भौतिक, आर्थिक तथा शैक्षिक गतिविधिहरुको लेखाजोखा गर्ने मात्र नभई आवश्यकता अनुसार सुझाव दिने र खबरदारी गर्ने संस्था शिक्षक अभिभावक संघ भएकोले यसको भूमिका निष्पक्ष, निष्कलंक र पारदर्शी हुन जरुरी देखिन्छ ।

विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासनबाट उपलब्ध तथ्याङ्क र अभिलेखका आधारमा विद्यालयको तस्विर सामाजिक परीक्षणरुपी ऐनामा प्रतिबिम्बत गर्ने कार्यमा शिक्षक अभिभावक संघको प्रमुख भूमिका रहने भएतापनि ज्ञान र दक्षताको अभाव, परीक्षण प्रतिवेदन कार्यान्वयन नहुने अवस्था तथा सामाजिक परीक्षण कार्य नियमित गर्ने विद्यालयप्रति सम्बन्धित निकायको दृष्टिकोण आदिका कारणले सामाजिक परीक्षण कार्यमा शिक्षक अभिभावक संघको भूमिका औपचारीकतामा मात्र सिमिति रहेको अध्ययनले देखाउँछ । प्रधानाध्यापकले नियुक्त गरेका शिक्षकले समाजिक परीक्षण प्रतिवेदनको फरम्याट भर्ने र समितिका अन्य सदस्यहरुले त्यसमा हस्ताक्षर मात्र गर्ने भएकाले यसबाट विद्यालयको भौतिक, आर्थिक र शैक्षिक अवस्थाको पहिचान हुन नसक्ने तथा सरोकारवालाहरुको वास्तविक सुझावहरुपनि समावेश हुन नसक्ने स्थिति रहेको देखियो । तसर्थ विद्यालयको विकास गतिलाई

दिशाबोध गर्ने शिक्षक अभिभावक संघमा आफ्नो सक्रिय सहभागिता र दायित्वबोध हुनुपर्ने जरुरी देखिन्छ ।

## सामाजिक परीक्षण कार्यमा शिक्षकको भूमिका

सामाजिक परीक्षण कार्यमा शिक्षकको सहयोग आवश्यक एवम् महत्वपूर्ण रहेको हुन्छ । शिक्षकलाई सामाजिक परीक्षण सम्बन्धमा ज्ञान हुने हुनाले यस कार्यमा संलग्नलाई मार्ग निर्देशन गर्नु शिक्षकको दायित्व हो । तर समान्यतः शिक्षकहरु यस कार्यमा चासो नलिएको पाइन्छ । प्रधानाध्यापकले आफ्नो विश्वासपात्र १ जना शिक्षकलाई सामाजिक परीक्षण समितिका सदस्यमा नियूक्त गर्ने र बाँकी शिक्षकहरुको सहयोगको उपेक्षा गर्ने प्रवृत्तिका कारणलेपनि शिक्षकहरु परीक्षण कार्यमा सहयोग गर्न अगाडि नबढेको देखिन्छ । यद्यपी विद्यालयको विकासलाई सर्वोपरि ठानेर सामाजिक परीक्षण कार्यलाई यथार्थपरक बनाउन तथा प्रभावकारी कार्यान्वयनमा अग्रणी भूमिका निर्वाह गर्नका लागि शिक्षकहरु सक्रिय हुन जरुरी देखिन्छ ।

## सामाजिक परीक्षण कार्यमा नगर शिक्षा अधिकृतको भूमिका

संघिय शासन व्यवस्था प्रणाली देशमा लागु भईसकेपछि शिक्षामा पनि विकेन्द्रिकरण नीति वमोजिम माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा आएको सन्दर्भमा विद्यालय गतिविधिहरुको अनुगमन, सुपरीवेक्षण आदिको प्रमुख जिम्मेवारी नगर शिक्षा अधिकृतमा निहित भएको छ । बेलाबेलामा नगर शिक्षा अधिकृतद्वारा विभिन्न विद्यालयका अनुगमन तथा निरीक्षण भएतापनि विशेषगरि सामाजिक परीक्षण सम्बन्धमा कुनै प्रकारका अनुगमन तथा निरीक्षण नभएको अध्ययनबाट खुल्न गएको छ । सरोकारवालाहरुसँग सामाजिक परीक्षण कार्यको क्रममा आइपर्ने समस्याहरुको विषयमा छलफल गरी आवश्यक सल्लाह सुझाव दिनुका साथै सो कार्यका लागि प्रोत्साहित गर्नुपर्ने भएतापनि नगर शिक्षा अधिकृतको भूमिका यसमा गौण रहेको पाइयो । तोकिएको समयसीमा भित्र सामाजिक परीक्षण कार्य सम्पन्न गर्न सूचना जारी भएपनि त्यो कार्य समयमा सम्पन्न नगर्ने तथा कुनै कुनै विद्यालयले गर्दै नगर्नाले शिक्षा शाखाको निर्देशनको औचित्य माथि प्रश्न उठ्न थालेको छ ।

विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ को नियम ९ को उपनियम ३ मा स्थानिय तहमा विद्यालयले बजेट निकासाका लागि सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य पेश

गर्नु पर्नेछ । सामाजिक परीक्षणको प्रतिवेदन पेश नगर्ने विद्यालयहरु अनुदान पाउन योग्य हुने छैनन् भनी स्पष्ट व्यवस्था भएपनि यस विषयमा नगर शिक्षा अधिकृत तथा स्थानिय तहको शिक्षा शाखा मौन रहेको अवस्था देखिएको छ ।

सामाजिक परीक्षणको मूलमर्म, प्रक्रिया तथा आवश्यकतालाई सरोकारवालाहरुले आत्मसात् गरी इमान्दारीता र सक्रियताका साथ कार्यसम्पादन एवम् प्रभावकारी कार्यान्वयन गर्ने हो भने पक्कै पनि विद्यालयको विकास तथा सरोकारवालाहरूको सकारात्मक सहयोग र सहभागितामा वृद्धि हुने देखिन्छ ।

प्रस्तुत उपशीर्षकको विश्लेषणको आधारमा सामाजिक परीक्षण कार्यमा प्रधानाध्यापकको भूमिका, विद्यालय व्यवस्थापन समितिको भूमिका, शिक्षक अभिभावक संघको भूमिका, शिक्षकको भूमिका र नगर शिक्षा अधिकृतको भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

## व्यवस्थापकीय भूमिका

सामाजिक परीक्षण कार्यलाई सार्थक तुल्याउन व्यवस्थापन पक्षको अहम् भूमिका रहन्छ जस्को मुख्य दायित्व विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको हो । औपचारीकतामा मात्र भएपनि सामाजिक परीक्षण कार्य गर्नका लागि केहि व्यवस्थापकीय कार्य विद्यालयका प्रधानाध्यापकबाट हुने गरेको भएतापनि यस सम्बन्धमा सामाजिक परीक्षण समिति र प्राविधिक उपसमिति गठन गर्ने बाहेक अन्य कार्यमा विद्यालय व्यवस्थापन समितिको खासै चासो नरहेको अवस्था देखिन्छ ।

## नेतृत्वदायी भूमिका

सामुदायिक विद्यालयमा सामाजिक परीक्षण गर्ने कार्य प्रक्रियागत रुपमा सामाजिक परीक्षण समिति र समितिको संयोजक शिक्षक अभिभावक संघको अध्यक्षको नेतृत्वदायी भूमिका रहनु पर्ने देखिन्छ यद्यपी विद्यालयको प्रधानाध्यापक र वि. व्य. स. को आवश्यक व्यवस्थापन र सहयोग विना कार्य सम्भव नरहेकोले नेतृत्व पङ्तीलाई मार्गदर्शन गरी परीक्षण कार्यलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ तर प्राय औपचारीकतामा मात्र सिमित रहने सामाजिक परीक्षण कार्यमा प्रत्यक्ष अप्रत्यक्षरुपमा प्रधानाध्यापक आफ्नै नेतृत्वमा आफ्नो विश्वासपात्र शिक्षकको सहयोगमा परीक्षण कार्य सम्पन्न गर्ने गरेको छ ।

### समन्वयात्मक भूमिका

विद्यालयमा सामाजिक परीक्षण गर्ने कार्य सामाजिक परीक्षण समितिको भएकोले उक्त समितिको कार्यमा सहजता ल्याउनका लागि उचित व्यवस्थापनका साथै सरोकारवालाहरुमा सहयोग र समन्वय हुनु जरुरी हुन्छ । विद्यालयको प्रधानाध्यापक र सामाजिक परीक्षण समिति बिच परीक्षणको सन्दर्भमा समन्वय हुने गरेको भएपनि विद्यालय व्यवस्थापन समिति र समितिको अध्यक्षलाई यस सम्बन्धमा खासै चासो नरहेको, प्रधानाध्यापकको प्रस्तावमा सामाजिक परीक्षण समिति गठन पश्चात् आफ्नो जिम्मेवारीबाट पन्छिने प्रवृत्ती रहेको देखिन्छ ।

### अनुगमनकारी भूमिका

सरकारले विद्यालयमा सामाजिक परीक्षण गर्ने कार्यलाई थप व्यवस्थित गर्न 'विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८' जारी गरी कार्यान्वयनमा ल्याएको छ । तर यो अझै नियमित र प्रभावकारी बन्न सकेको छैन । विद्यालयमा सामाजिक परीक्षण कार्य नियमित नहुनु, समयमा नहुनु र प्रभावकारी नहुनुमा कुनै न कुनै रुपले अनुगमनकारी निकाय पनि दोषी रहेको छ । खासगरी स्थानिय निकायका शिक्षा, यूवा तथा खेलकूद शाखाबाट सामाजिक परीक्षण सम्बन्धमा कहिल्यै कुनै समयमा अनुगमन भएको देखिदैनन् । अनुगमनकारी निकायबाट समयमै सामाजिक परीक्षण कार्य सम्पन्न गर्नका लागि निर्देशन जारी गर्ने गरेको भएतापनि कार्यान्वयनको अवस्था अनुगमन सम्बन्धमा खासै तदारुकता नदेखाउने गरेको अवस्था देख्न सकिन्छ ।

## सामाजिक परीक्षण कार्यमा देखिएका समस्याहरू

सामाजिक परीक्षणले विद्यालयको योजना निर्माण देखि कार्यान्वयन र प्रतिफल मूल्याङ्कन सम्म सरोकारवालाहरूलाई संलग्न गराई विद्यालयको हरेक गतिविधिहरु र क्रियाकलापहरु सार्वजनिक गर्दै वैज्ञानिक र पारदर्शी बनाई विद्यालयलाई आलोचनामुक्त बनाउन सहयोग पुर्‍याउँछ । विद्यालय र  समुदायबीचको खाडलले गर्दा समुदायको विद्यालयलाई हेर्ने दृष्टिकोण नकारात्मक रहेको पाइन्छ ।  अभिभावकहरु र सुमुदायको आलोचना खेपिरहेका प्रधानाध्यापक तथा वि. व्य. स लाई शैक्षिक तथा आर्थिक अनियमितताको आरोप समेत लाग्ने गरेको छ । सामाजिक परीक्षणले त्यस्ता समस्याहरूलाई समाधान गर्न सहयोग पुर्‍याउने अपेक्षा लिइएको छ । ऐन,

कानुन, नियम र कार्यविधिमा व्यवस्था गरी सरोकारवालाहरूको लागि सामाजिक परीक्षण कार्य प्रचलनमा ल्याइएको हो ।

विद्यालयमा स्थानीय जनसहभागिता जुटाउन र विद्यालय शिक्षाको समग्र गतिविधिहरुको सुदृढीकरणका निम्ति सरकारले विद्यालयमा सामाजिक परीक्षण गर्ने कार्यलाई थप व्यवस्थित गर्न 'विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८' जारी गरी कार्यान्वयनमा ल्याएको छ । कार्यान्वयनको शुरुको समयमा औपचारीकतामा सिमित रहेको सामाजिक परीक्षणलाई वर्तमानमा व्यवहारीक बनाउन विद्यालय शिक्षाका सरोकारवाला निकायहरूले प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेकोछ । विद्यालयहरूमा सामाजिक परीक्षण हुन थालेपछि विद्यालयका समग्र गतिविधिहरु एवम् क्रियाकलापहरूमा सुधार हुन थालेको छ । यद्यपी अपेक्षाकृत प्रभावकारी भएको पाइदैन । सामाजिक परीक्षणको कार्यमा के कस्तो समस्याहरू देखिएका छन् भन्ने विषयमा सरोकारवालाहरूबाट प्राप्त प्रतिक्रियाहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

## जानकारी तथा विज्ञताको अभाव

सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा अधिकांश सरोकारवालाहरूलाई सामाजिक परीक्षणबारे सामान्य जानकारी मात्र भएको पाइयो । सामाजिक परीक्षण कार्यको मुख्य जिम्मेवारीमा रहनु भएका शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई नै सामाजिक परीक्षण सम्बन्धमा राम्रो जानकारी नभएको पाइयो । विद्यालयको समग्र गतिविधिहरुको अभिलेख परीक्षण तथा मूल्याङ्कनकर्तालाई नै विषयवस्तुको ज्ञान अभाव देखिएको पाइयो । सामाजिक परीक्षण बृहत शैक्षिक कृयाकलापहरु समेटिने समष्टिगत दस्तावेज भएकोले सरोकारवालाहरूमा विद्यालय गतिविधिहरुको चौतर्फी ज्ञान र जानकारीको अभाव रहेको पाइयो ।

## तालिम, गोष्ठि र अभिमुखीकरणको अभाव

सामाजिक परीक्षण कार्यमा प्रत्यक्षरुपमा संलग्न सरोकारवालाहरूलाइ सामाजिक परीक्षण सम्बन्धमा जानकारीको एवम् विज्ञताको अभाव रहेको कारणले सम्बन्धित निकायबाट परीक्षण कार्यको विधि, प्रक्रिया, जवाफदेहिता र अन्य समेटिने पक्षहरुबारे जानकारी गराउनका लागि सरोकारवालाहरूका लागि तालिमको अभाव रहेको तथा सो सम्बन्धमा गोष्ठि र अभिमुखीकरणको समेत अभाव रहेको पाइयो ।

**समयको अभाव**

सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण अनिवार्य गरेको भएपनि यो औपचारीकतामा मात्र सिमित रहेकोले सरोकारवालाहरुले यसलाई प्राथमिकतामा राखेको पाइदैन । जसले गर्दा सामाजिक परीक्षण कार्यमा प्रत्यक्ष संलग्न रहने शिक्षक अभिभावक संघका पदाधिकारीहरुमा सामाजिक परीक्षण सम्बन्धमा चासो नरहेको तथा परीक्षण कार्यमा आवश्यक समय प्रदान नगरेको पाइयो ।

**पुरस्कार तथा प्रोत्साहनको अभाव**

विद्यालयको सामाजिक परीक्षण र यसको प्रभावकारी कार्यान्वयनबाट विद्यालय विकासमा ठूलो टेवा पुग्ने भएतापनि विद्यालयहरुमा सामाजिक परीक्षण कार्य नियमित गरेको पाईदैन यसको कारण सामाजिक परीक्षण कार्य नियमित नगर्ने विद्यालयहरुलाई दण्डित नगरिनुका साथै सामाजिक परीक्षण कार्य नियमित गर्ने विद्यालय तथा सम्बन्धित सरोकारवालाहरुलाई सो कार्यका लागि पुरस्कृत तथा प्रोत्साहित नगरिएको पाइयो ।

**विज्ञ तथा महिला सदस्यको अभाव**

विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ मा सामाजिक सरीक्षण समितिले सामाजिक परीक्षण गराउनु पूर्व विज्ञहरुसमेतको प्रतिनिधित्व हुने गरी प्राविधिक उपसमिति गठन गर्नु पर्ने व्यवस्था गरिएको हुँदा त्यसको लागि तोकिएको योग्यता पुगेको विज्ञ पाउन सहज नरहेको अवस्था पाइयो भने विद्यालयबाट निकटतम छिमेकी विद्यालयका शिक्षाशात्र संकायमा स्नातक महिला शिक्षक प्राविधिक उपसमितिका सदस्यका लागि उपलब्ध नहुन सक्ने अवस्था रहेको पाइयो ।

**अप्रयाप्त सरकारी अनुदान**

प्रशासनिक खर्च तथा विद्यालय सञ्चालन अनुदान अन्तरगत आर्थिक लेखा परीक्षण तथा सामाजिक परीक्षणका लागि विद्यालयले वार्षिक रु( १५,०००। सरकारी अनुदान प्राप्त गर्ने गरेको छ । जुन रकम अप्रयाप्त छ । लेखा परीक्षण गर्दा लेखापरीक्षकले प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण शूल्क न्युनतम रु. ४०,०००। सामुदायिक माध्यमिक विद्यालयहरुबाट लिने गरेको पाइयो जसको आकार अनुदानको तुलनामा धेरै नै बढी छ ।

## अतिरिक्त व्यय भार

सामाजिक परीक्षण कार्यका लागि प्राप्त सरकारी अनुदान अत्यन्त न्युन रहेको तर सामाजिक परीक्षण कार्यका प्रत्यक्ष भूमिकामा रहनु हुने सरोकारवालाहरूको निम्ति सामाजिक परीक्षण अवधिभरीको विद्यालयले बेहोर्ने चिया नास्ता खर्च तथा सरोकारवालाहरूको मागमा आधारित सामाजिक परीक्षण कार्यको भत्ता बेहोर्नु परेको हुँदा विद्यालयलाई अतिरिक्त व्यय भार थपिएको पाइयो ।

## कमजोर कार्यान्वयन पक्ष

विद्यालयहरुमा सामाजिक परीक्षणको कार्यान्वयन पक्ष कमजोर रहेको कारणले सरोकारवालाहरूमा सामाजिक परीक्षण कार्यको खासै महत्व नरहेको पाइयो । औपचारिकतामा मात्र सिमित रहने विद्यालय विकासमा प्रभाव नपार्ने बुझाइ सरोकारवालाहरूमा रहेकोले सामाजिक परीक्षण कार्य ओझेलमा परेको तथ्य अध्ययनबाट थाहा पाइयो ।

## उपयुक्त परामर्श तथा सुझावको अभाव

विद्यालयमा सामाजिक परीक्षण एउटा जटिल तथा जिम्मेवारीपूर्ण कार्य हो । यो कार्य गर्नका लागि विज्ञताका साथै अत्यन्त सुझबुझ र विद्यालय गतिविधिको चौतर्फी जानकारी हुन जरुरी हुन्छ । जसको अभावले नियमित सामाजिक परीक्षण कार्यमा समस्या उत्पन्न हुने गरेको छ । तसर्थ  सामाजिक परीक्षण कार्यका लागि सामाजिक परीक्षण सम्बन्धमा सरोकारवालाहरूमा तालिम, गोष्ठि र अभिमुखीकरणको अभाव देखिएकै छ भने औपचारिक तथा अनौपचारिक रुपमा सम्बधित निकायबाट उपयुक्त परामर्श तथा सुझावको अभाव समेत देखिएकोले सामाजिक परीक्षण कार्यमा सरोकारवालाहरूमा खासै तदारुकता नदेखिएको पाइयो ।

वास्तवमा विद्यालयको सामाजिक परीक्षण कार्य प्रभावकारीढंगले कसरी गर्ने बारे अधिकांश सरोकारवालाहरुलाई जानकारी नभएको तथा सो सम्बन्धमा विज्ञता प्राप्त नगरेको अवस्था रहनु सामाजिक परीक्षण कार्यमा देखिएको प्रमुख समस्या हो । त्यसैगरी सामाजिक परीक्षण कार्यलाई  सरोकारवालाहरुले महत्व नदिनु र समय उपलब्ध नगराउनु पनि समस्याको विषय रहेको छ जसले कमजोर जिम्मेवारी बोधलाई प्रष्ट पारेका देखिन्छ । सामाजिक परीक्षण कार्यका लागि अप्रयाप्त सरकारी अनुदान, पुरस्कार तथा प्रोत्साहन, विज्ञ तथा तोकेवमोजिम योग्यता भएको महिला सदस्यको अभाव, तालिम तथा गोष्ठि आदिको अभाव रहेको र

विद्यालयलाई अतिरिक्त व्यय भार वहन गर्नुपर्ने समस्याहरु अनुसन्धानबाट प्रस्ट भएको छ। साथै सामाजिक परीक्षणको कमजोर कार्यान्वयन पक्ष र सरोकारवालाहरुलाई सम्बन्धित निकायबाट उपयुक्त परामर्श तथा सुझावको अभाव रहनु सामाजिक परीक्षण कार्यमा देखिएको अर्को समस्या हो भन्ने कुरा अनुसन्धानबाट प्रस्ट भएको छ।

## सामाजिक परीक्षण कार्यमा देखिएका समस्या समाधानका उपायहरु

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण कार्यमा देखिएका अनेकन समस्याहरू समाधानका उपायहरू के कस्ता हुन सक्छन् भनी सोधिएका प्रश्नहरुमा अध्ययन क्षेत्रका सरोकारवालाहरूबाट यस्तो प्रतिक्रियाहरु प्राप्त भयो जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### तालिम, अभिमुखीकरण तथा गोष्ठि

विद्यालयको समग्र शैक्षिक गतिविधिहरुको समष्टिगत दस्तावेज सामाजिक परीक्षण हो। सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा प्रत्यक्ष भूमिकामा रहने शिक्षक अभिभावक संघमा सामाजिक परीक्षण सम्बन्धमा आवश्यक जानकारी नभएको तथ्य अनुसन्धानबाट प्रष्ट भएको हुँदा सामाजिक परीक्षण कार्यलाई नियमित तथा प्रभावकारी बनाउन सामाजिक परीक्षण सम्बन्धमा जानकारी गराउन गोष्ठि, अभिमुखीकरण तथा तालिमका कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ।

### उत्तरदायित्व बोध

विद्यालयको सामाजिक परीक्षण कार्यमा संलग्न सरोकारवालाहरूलाई विद्यालयको सामाजिक परीक्षण कार्यमा आफ्नो महत्वपूर्ण उत्तरदायित्व रहेको तथ्यलाई आत्मसात गर्दै पूर्ण निष्ठासाथ विद्यालयको सामाजिक परीक्षण कार्यलाई प्रभावकारीढंगले नियमितता दिनुपर्ने देखिन्छ।

### इमान्दारीता

सामाजिक परीक्षण कार्य विद्यालय गतिविधिहरुलाई यथार्थ चित्रण गर्ने भएकोले विद्यालयको चौतर्फी विकासका लागि सही मार्गदर्शन गर्ने सामाजिक परीक्षण कार्य इमान्दारीपूर्वक गर्नुपर्ने हुन्छ। तसर्थ यस कार्यमा संलग्न सरोकारवालाहरू इमान्दार हुनु जरुरी देखिन्छ। प्राप्त अभिलेखको आधारमा सत्य तथ्य यकिन गरी प्रतिवेदन तयार पार्ने तथा अभिलेख उपलब्ध

गराउने पक्ष पनि सही तथ्याङ्क र जानकारी अनुसार उपलब्ध गराउन इमान्दार हुन जरुरी देखिन्छ ।

**सक्रिय सहभागिता**

सरोकारवालाहरूले सामाजिक परीक्षण कार्यलाई खासै महत्व नदिएको देखिन्छ भने यसलाई झारो टार्ने विषयमा सिमित राखेको अवस्था छ । तसर्थ सामाजिक परीक्षण कार्यलाई प्रभावकारी बनाउन सक्रिय सहभागिताका साथ सक्रिय भएर लाग्नुपर्ने देखिन्छ ।

**पर्याप्त सरकारी अनुदान**

सरकारले वार्षिकरुपमा प्रदान गर्दै आएका आ.ले.प. तथा सा.प. अनुदान रकम अत्यन्तै कम र अपुग रहेकोले विद्यालयको अतिरिक्त व्ययभार बढ्न गई सामाजिक परीक्षण कार्यमा समस्या उत्पन्न भएको देखिएकोले आवश्यक अनुदान रकम उपलब्ध गराउनुपर्ने देखिन्छ ।

**प्रभावकारी कार्यान्वयन**

अधिकांश विद्यालयहरुले सामाजिक परीक्षणको कार्य नियमित गर्ने गरेको अध्ययनले प्रष्ट पारेको छ । यद्यपी सामाजिक परीक्षण प्रतिवेदनको प्रभावकारी कार्यान्वयन नहुँदा सामाजिक परीक्षण कार्य नै ओझेलमा परिरहेको छ । सामाजिक परीक्षणको कार्यान्वयन पक्ष फित्तलो हुँदा सरोकारवालाहरूमा निराशा उत्पन्न हुने गरेकोले सामाजिक परीक्षण कार्यलाई औपचारिकतामा मात्र सिमित हुन नदिन प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ ।

**पुरस्कार तथा पृष्ठपोषण**

सामाजिक परीक्षणको कार्य नियमित गर्ने, समयमा नै गर्ने तथा प्रभावकारी कार्यान्वयन समेत गर्ने विद्यालयहरुको सम्बन्धित निकायबाट यकिन गरि ति विद्यालयहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार तथा थप तदारुकताका लागि पृष्ठपोषण प्रदान गरिदां सामाजिक परीक्षणको कार्यमा नियमिता ल्याउने विश्वास गर्न सकिन्छ ।

**दण्ड सजायको व्यवस्था**

सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण अनिवार्य गर्नुपर्ने भएतापनि यो कार्य नियमित नगर्ने विद्यालयहरुलाई नियमन निकायबाट कुनै प्रकारका दण्ड सजायको व्यवस्था नभएकोले

नियमित यो कार्य गर्ने विद्यालयहरुको कार्य मूल्याङ्कन नहुँदा सामाजिक परीक्षण कार्य प्रति सरोकारवालाहरूमा खासै चासो नदेखिने भएकोले सामाजिक परीक्षण कार्यमा लगाव अभिवृद्धि गर्न नियमित सामाजिक परीक्षण कार्य नगर्ने विद्यालयहरुलाई दण्ड सजायको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**नीति नियमको पालना**

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण सम्बन्धामा राज्यको तर्फबाट अनेकन नीति नियमको निर्माण भएतापनि यसलाई पालना गराउने निकायहरुको उदासिनताका कारणले सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण कार्यमा एकरुपता ल्याउन सकिएको छैन तसर्थ नियमन निकायले अत्यन्त कडाइका साथ सामाजिक परीक्षण सम्बन्धमा विद्यालयहरूमा नीति नियमको पालना गराउनु पर्ने देखिन्छ ।

**अनुगमन तथा सुझाव**

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरूमा सरोकारवालाहरूबाट सामाजिक परीक्षण गराउन सम्बन्धित अधिकारी वा निकायले समय समयमा निरीक्षण तथा अनुगमन गर्नु पर्ने देखिन्छ । साथै अनुगमनको नाममा विद्यालय परिवारलाई आतङ्कित नतुल्याइ सामाजिक परीक्षण कार्यमा संलग्न व्यक्तिहरुलाई सकारत्मक सुझाव दिनुपर्ने देखिन्छ ।

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण कार्यका लागि पदीय दायित्व वमोजिम कामको बाडँफाँड गर्नुपर्ने देखिन्छ भने सम्बन्धित व्यक्तिहरूलाई निश्चित कामको जिम्मेवारी दिई सामाजिक परीक्षण कार्यको उत्तरदायित्व बोध गराउनु पर्ने देखिन्छ । साथै माथिका उपायहरू अवलम्बन गर्न सकेको खण्डमा विद्यालयमा भएका अन्य गतिविधिका अतिरिक्त आर्थिक कारोबारहरूमा समेत पारदर्शीता आई विद्यालय सञ्चालन र गुणस्तर अभिवृद्धिमा समेत सुधार हुने कुरामा विश्वास गर्न सकिन्छ । विद्यालयमा उचित मानवीय व्यवस्थापनको विकास हुनुपर्दछ । सरोकारवालाहरूबीच उचित नेतृत्व, सीप, सञ्चार र समन्वयको स्पष्ट कार्य विभाजन हुनुपर्दछ । यसका अतिरिक्त नेपाल सरकारको तर्फबाट गुणस्तरीय शिक्षा, सीपमूलक शिक्षा एवम रोजगारमूलक शिक्षा तथा वर्तमान समय सापेक्ष सुहाउँदो शिक्षा नीति ल्याउनु आवश्यक देखिन्छ ।

## प्राप्ती

सामुदायिक विद्यालयहरूमा सामुदायको सक्रिय सहभागितामा विद्यालयको चौतर्फी विकासमा टेवा पुऱ्याउने तथा समग्र शैक्षिक गतिविधिहरुमा सुधारात्मक पहलकदमीलाई दिशाबोध गराउने उद्देश्य अनुरुप सामाजिक परीक्षणलाई कार्यान्वयनमा ल्याइएकाले विद्यालय तहको नीति निर्माण गर्ने निकायका लागि आगामी दिनमा सामाजिक परीक्षण कार्य प्रभावकारी बनाउन के कस्ता कदमहरु चाल्ने वा थप प्रभावकारी नीतिहरु निर्माण बिषयमा यस अनुसन्धानले सहयोग पुऱ्याएको छ ।

विद्यालयका सरोकारवालाहरूमा सामाजिक परीक्षण सम्बन्धमा मिश्रित खालका जानकारी रहेको पाइएकोले सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण कार्य गर्ने गरेको भएतापनि यो औपचारिकतामा मात्र सिमित हुने गरेको पाइयो । विद्यालयका प्रधानाध्यापक र विद्यालय सहायक कर्मचारीले विद्यालयको वार्षिक गतिविधिहरुको अभिलेखिकरण गर्ने कार्य गर्ने गरेको पाइएको छ । अधिकांश विद्यालयहरूले पूर्ण वैज्ञानिक नभएपनि सुधारोन्मुख दोहोरोलेखा प्रणालीको प्रयोग गरि हिसाव किताव राखेको पाइएको छ साथै केहि विद्यालयहरुले परम्परागत शैली अपनाएको पाइयो ।

सामुदायिक विद्यालयहरूका सामाजिक परीक्षण कार्यमा प्रत्यक्षरुपमा संलग्न रहने शिक्षक अभिभावक संघ नै सामाजिक परीक्षण प्रति खासै चासो नदेखाएको पाइयो । प्रक्रियागत संरचना अन्तरगत सामाजिक परीक्षण पूर्व गठन गर्नुपर्ने प्राविधिक उपसमितिका लागि योग्यता पुगेका विज्ञ तथा छिमेकी विद्यालयका महिला शिक्षकको उपलब्धता सहज नरहेको पाइयो । जसको कारण उपसमिति गठनै नगरी परीक्षणको कार्य सम्पन्न गर्ने गरेको अनुसन्धानबाट थाहा पाइयो ।

खासगरी प्रधानाध्यापकको विश्वासपात्र कुनै शिक्षकको एकल कार्य सम्पादनबाट सामाजिक परीक्षणको कार्य सम्पन्न हुने गरेको पाइयो । अभिलेखहरुको सहि मूल्याङ्कन गर्न नसक्नु तथा कुनै कुनै तथ्याङ्क विद्यालयले लुकाएर राख्नु, कुनै प्रकारको प्रभाव तथा पूर्ण निष्ठासाथ कार्यमा समर्पित हुन नसक्नु सामाजिक परीक्षणको प्रमुख बाधकको रुपमा रहेको स्पष्ट पाइयो । सरोकारवालाहरुमा सामाजिक परीक्षणको उत्तरदायित्व बोध हुन नसक्दा सामाजिक परिक्षण विद्यालयहरुमा प्रभावकारी हुन नसकेको यथार्थ बुझ्न पाइयो । सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने दिन विद्यालयहरूमा सरोकारवालाहरूको उल्लेखनीय

उपस्थिती नरहेको पाइयो । जसबाट स्थानिय सरोकारवालाहरूमा सामाजिक परीक्षणले खासै महत्व नराखेको पाइयो ।

कतिपय विद्यालयहरुले अतिरिक्त व्ययभार थपिने कारणले राम्रो अध्ययन नै नगरी हतारमा परीक्षणको कार्य सक्ने गरेको पाइयो । प्राय विद्यालयहरुले सामाजिक परीक्षण समितिले प्रतिवेदनमा सुझाएका सुझावहरु कार्यान्वयनमा नल्याउने गरेकाले विद्यालयको शैक्षिक विकासमा सामाजिक परीक्षणको भूमिका गौण देखियो । स्थानिय तहको सम्बन्धित शाखा यस विषयमा मौन रहेको स्थिती छ भने आर्थिक लेखा परीक्षण नगर्ने विद्यालयहरुलाई मात्र कारवाहीको दायरामा ल्याउने गरेको पाइयो । सरोकारवालाहरु विद्यालयको आय-व्ययमा मात्र केन्द्रित हुने र अन्य गतिविधिहरुमा खासै चासो नलिने प्रवृती पनि विद्यालयहरुमा स्पष्ट देखियो । जसले गर्दा आम्दानी र खर्चका कारोवारहरु पारदर्शी हुन थालेको छ तर अन्य गतिविधिहरु ओझेलमा परेको स्पष्ट हुन जान्छ ।

सामाजिक परीक्षण सम्बन्धमा कुनै तालिम, गोष्ठि तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गराइएको छैन । तर अनिवार्य रूपमा सामाजिक परीक्षण कार्य सम्पन्न गरी प्रतवेदन बुझाउन सूचित गर्नाका कारणले विद्यालयहरूले सामाजिक परीक्षण गर्ने गरेको छ । प्रायजसो विद्यालयहरूमा हचुवाको भरमा सामाजिक परीक्षण गर्ने गरेको हुनाले विद्यालय व्यवस्थापनलाई दिइएका सुझावहरू पनि हचुवा भएको हुनाले कार्यान्वयनको अवस्था पनि उस्तै रहेको पाइयो भने केही विद्यालयहरूमा सामाजिक परीक्षण वास्तविकतामा आधारित भएपनि त्यसका सुझावहरू कार्यान्वयन नभएको पाइयो । सामाजिक परीक्षणको प्रचलनले विद्यालयहरूमा विद्यालयको सम्पूर्ण पक्षको लेखाजोखा राख्नु पने धारणाको विकास हुन थालेको पाइयो । सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण गरिसकेपछि धेरै जसो विद्यालयहरूले प्रतिवेदन सार्वजनिक गर्ने गरेको पाइयो । सामाजिक परीक्षण प्रधानाध्यापकको काम हो भनेर प्रत्यक्ष भूमिकामा रहने शि.अ. संघले ध्यान नदिएको पाइयो । प्रधानाध्यापकहरूले बाध्य भएर औपचारिकता कै लागि भएपनि एक जना शिक्षकलाई खटाएर सामाजिक परीक्षण प्रतिवेदन तयार गर्न लगाएको पाइयो ।

सामाजिक परीक्षणले विद्यालयका गतिविधिहरु एवम् क्रियाकलापहरूमा सरोकारवालहरूको सहभागिता र संलग्नतामा बृद्धि हुन थालेको छ तर राम्रो सहभागिता भने पाइएको छैन । सामाजिक परीक्षणमा विद्यालयका सबल र दुर्वल पक्षहरु केलाउने तथा सो

आधारमा विद्यालय विकासका भावी रणनीति तय गर्नुपर्ने भएकोले सरोकारवालहरू अति जिम्मेवार हुनु जरुरी छ नै साथसाथै सम्बधित निकायबाट सबै विद्यालयहरुलाई राज्यले तोकेवमोजिमका कार्य अनिवार्य गर्न लगाउने तथा ऐन, नियमावली र मापदण्डका अनुसार कार्य नगर्ने विद्यालयहरुलाई दण्डको दायरामा ल्याउने, ठोस नीति तथा समय समयमा उचित अनुगमन तथा परामर्शको आवश्यकता रहेको पाइयो ।

## परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

विद्यालयको समग्र विकास भन्नु नै विद्यालय गतिविधिहरुको विकास र व्यापक सुधार हुनु हो । यसका लागि विद्यालय शिक्षाको समग्र शैक्षिक, व्यवस्थापकीय पक्ष तथा सञ्चालित कार्यक्रम बजेट एवम् प्राप्त स्रोत साधनको मितव्ययी ढंगले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिविधिहरुलाई सहभागितामूलक, पारदर्शी एवम् जवाफदेही बनाई विद्यालय शिक्षा पद्दतिको सुदृढीकरण हुनुपर्दछ । उल्लेखित पक्षहरुमा के कति सुधार भयो वा भएन बुझ्न र विद्यालयको विकासलाई दिगोपना प्रदान गर्ने तथा विद्यालय गतिविधिहरुको यर्थाथ चित्रण र मूल्याङ्कन गर्ने एक  प्रमुख साधनको रुपमा सामाजिक परीक्षणलाई लिइन्छ । सामुदायिक विद्यालयहरुमा गरिने सामाजिक परीक्षण कार्यको अवस्था हेर्न गरिएको यस अध्ययनबाट निम्न निष्कर्ष तथा सुझावहरु प्राप्त भएको छ ।

### निष्कर्ष

सामुदायिक विद्यालय सञ्चालन, व्यवस्थापन एवम् सुधारको दायित्व सबै सरोकारवालाहरुमा रहेको भएतापनि सबै भन्दा महत्वपूर्ण भूमिका प्रधानाध्यापकको हुन्छ । प्रधानाध्यापक शिक्षण संस्थाको योजनाकार, शैक्षिक नेता, व्यवस्थापक, सामाजिक परिचालक र सुपरिवेक्षक पनि हो । विद्यालय सञ्चालनमा सहयोग पुऱ्याउन सामाजिक परीक्षण, शिक्षा ऐन, नियमावलीको व्यवस्था गरिनुका साथै स्थानियको सहभागितालाई सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ आदिको व्यवस्था गरिएको छ । प्रधानाध्यापकले विद्यालय सञ्चालन तथा व्यवस्थापन उचित ढंगबाट गर्न नसकोको खण्डमा विद्यालय विकासको परिकल्पना साकार हुन सक्दैनन् । समुदाय र विद्यालयको सम्बन्ध सुदृढ गर्दै विद्यालयमा भइरहेको गतिविधिहरुमा सरोकारवालाहरूको सहभागिता वढाउने उद्देश्य अनुरूप सामाजिक परीक्षणलाई कार्यान्वयनमा ल्याइएको हो ।

सामाजिक परीक्षण एउटा प्रतिबिम्ब हो जसले विद्यालयहरूको अवस्थालाई बिम्बित गर्दछ । सरोकारवालाहरूसँग समन्वयात्मक भूमिका निर्वाह गरी विद्यालयलाई सुधारात्मक दिशातर्फ डोऱ्याउन सामाजिक परीक्षणले सघाउ पुऱ्याउने गरेका छन् । सरोकारवालाहरूबिच आपसी समन्वयबाट विद्यालय विकासका गतिविधिहरु सञ्चालन गर्नुपर्ने धारणाको विकास भएको छ ।  सरकारी र गैरसरकारी संघ सस्थाहरूबाट विद्यालयहरूमा प्राप्त आर्थिक अनुदान एवम्  खर्चलाई वैज्ञानिक ढंगले व्यवस्थित गर्नुपर्छ र अभिभावक तथा सरोकारवालाहरूले हेर्न

चाहेमा देखाउनु वा सो सम्बन्धमा सूचना प्रवाह गर्नुपर्दछ भन्ने धारणा विकसित भएको छ। विद्यालयको अन्य अनियमितता भन्दापनि आर्थिक अनियमितताले आम सामुदायमा विद्यालयप्रति नकारात्मक सोचको सृजना गर्ने देखिएकोले सजग रहनका लागि सामाजिक परीक्षणले यस प्रकारका अनैतिक क्रियाकलापहरु नगर्न नगराउन सजग गराउने काम गरेको छ। जसले गर्दा सामाजिक परीक्षणबाट विद्यालयहरूमा आर्थिक पारदर्शिता आउन थालेको छ।

विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यहरुमा विशेषगरि स्थानिय समुदायको महत्वपूर्ण भूमिका रहन्छ। सरसोकारवालाहरू विद्यालयमा सामाजिक परीक्षण प्रतिवेदन सुन्न र छलफलमा भाग लिन आउन थालेका छन्। प्रधानाध्यापकहरुमा सामाजिक परीक्षण समितिले दिएका सुझावहरू कार्यान्वयन गर्नुपर्छ भन्ने भावनाको विकास हुन थालेको छ। सरोकारवालाहरूको क्षमता वृद्धि गर्न तालिम, गोष्ठि र अभिमूखीकरण कार्यक्रम सञ्चालन नगर्नु नै सामाजिक परीक्षणमा नियमितता नआउनु, परीक्षणको कार्य प्रभावकारी नहुनको कारणलाई आत्मसात गरी सम्बन्धित निकायले सरोकारवालाहरूका लागि यस प्रकारका कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ भन्ने तथ्यलाई यस अनुसन्धानले जोड दिएको छ। अनुसन्धानका क्रममा सवै विद्यालयका सरोकारवालाहरूमा समान चेतना, क्षमता र तत्परता पाइएन। सरोकारवालाहरू विद्यालयको समग्र आर्थिक, भौतिक र शैक्षिक पक्षको विकासका लागि एकजुट भएर लाग्ने र विद्यालयको हरेक गतिविधिहरुमा संलग्न हुने गरेको परिपाटी कमै रहेको पाइएको छ भने विद्यालयको सम्पूर्ण कार्यको अभिभारा प्रधानाध्यापक र शिक्षकहरुमा हुने धारणा अन्य सरोकारवालाहरुमा व्याप्त रहेको पाइएको छ। विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका केही पदाधिकारीहरुले विद्यालय व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन विद्यालय गतिविधिहरुको नियमित अनुगमन र सुपरीवेक्षणलाई प्रभावकारी कार्यान्वयन गर्न समय उपलब्ध गराउन उदासिन देखिएको तथा त्यसता कार्यका लागि अनुगमन भत्ताको व्यवस्था हुनुपर्नेमा जोड दिएको पाइएको छ।

सामाजिक परीक्षण कार्यलाई नियमित र सरल बनाउन यसमा देखिएका समस्याहरुलाई सम्बोधन गर्नका लागि सम्बन्धित निकायको ध्यान जान जरुरी देखिएको छ। विद्यालयका समग्र गतिविधिहरुमा सरोकारवालाहरूको सक्रिय सहभागिताले विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक पक्षमा उन्नति र सुधार हुन गई विद्यालय विकास र शैक्षिक गुणस्तरमा वृद्धि सम्भव छ भन्ने निष्कर्ष यस अनुसन्धानबाट निस्केको छ।

## सुझावहरु

यस शोधपत्रको अनुसन्धान गर्ने क्रममा यसका विषयवस्तु तथा देखिएका समस्याहरूलाई केलाउँदै निम्न तीन ओटा तहका सुझावहरु प्रस्तुत गरिएको छ ।

### नीतिगत तह

"विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८" मा व्यस्था भएवमोजिम सामाजिक परीक्षण कार्य कार्यान्वयन गर्न गराउन यस कार्यमा देखापरेका समस्याहरुलाई समाधान गर्दै सरोकारकारवाला निकायहरु कट्टीबद्ध भएर लाग्नुपर्ने देखिन्छ । संघिय सरकारले विद्यालय गतिविधिहरुका सम्बन्धमा स्थानिय सरोकारवालाहरुको उत्तरदायित्व, भूमिका तथा अधिकार क्षेत्रको विषयमा स्पष्ट नीतिको निर्माण गर्नुपर्ने, सामाजिक परीक्षण कार्यका लागि आवश्यक रकम उपलब्ध गराउनुपर्ने, सरोकारवालाहरुका लागि सामाजिक परीक्षण सम्बन्धमा तालिम, गोष्ठि तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने तथा संघीय शिक्षा ऐन लागु गर्नुपर्ने देखिन्छ ।

माध्यमिक तह सम्मको शिक्षा स्थानिय सरकारको मातहतमा आइसकेको अवस्थामा विद्यालय शिक्षामा निर्दिष्ट नीति नियमलाई पालना गर्ने गराउने प्रमुख दायित्व स्थानिय सरकारको हुन्छ । तसर्थ स्थानिय निकाय शिक्षा, यूवा तथा खेलकूद शाखाले ठोस नीतिको निर्माण गरी सामाजिक परीक्षण नियमित गर्ने र नगर्ने विद्यालयहरुका लागि दण्ड तथा पुरस्कारको व्यवस्था गर्नुपर्ने, सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने समयमा स्थानिय निकाय शिक्षा, यूवा तथा खेलकूद शाखाको प्रतिनिधिको उपस्थिति अनिवार्य हुनुपर्ने र विद्यालयहरुमा नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने देखिन्छ ।

### अभ्यास तह

विद्यालयमा सामाजिक परीक्षण कार्य गराउने प्रमुख दायित्व विद्यालयका प्रधानाध्यापकको हो । प्रधानाध्यापकले परीक्षण कार्यका लागि आवश्यक व्यवस्थापन, सहज वातावरण निर्माण र सहयोग प्रदान गर्नुपर्दछ । प्रधानाध्यापकले विद्यालयमा हुने सम्पूर्ण गतिविधिहरुको अभिलेख दुरुस्त र वैज्ञानिक विधिबाट राख्दा सामाजिक परीक्षण कार्य सहज र सरल हुने देखिन्छ । साथै प्रधानाध्यापक सक्रिय भई सामाजिक परीक्षण प्रतिवेदनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ ।

सामाजिक परीक्षण कार्यलाई प्रभावकारी बनाउन व्यवस्थापन पक्षको अहम् भूमिका हुने भएकोले सामाजिक परीक्षण समिति गठन गरी दिएर विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आफ्नो जिम्मेवारीबाट नपन्छिने र परीक्षण कार्यलाई प्रभावकारी बनाउन व्यवस्थापन लगायत अन्य आवश्यक सहयोग र समन्वयमा जोड दिनुपर्ने देखिन्छ ।

सामाजिक परीक्षण कार्यमा प्रमुख भूमिकामा रहने शिक्षक अभिभावक संघका अध्यक्ष अत्यन्त सक्रिय र ईमान्दार हुन जरुरी देखिन्छ । सामाजिक परीक्षण समितिले सामाजिक परीक्षण कार्यलाई औपचारिकतामा मात्र सिमित नगरी विद्यालयको यथार्थ चित्रण गर्ने तर्फ जोड दिनुपर्दछ ।

विद्यालयमा हुने हरेक प्रकारका गतिविधिहरुमा विद्यालयका शिक्षहरुको प्रत्यक्ष संलग्नता रहने हुनाले पेशा प्रतिको दायित्व र इमान्दारीतता नै शैक्षिक विकासको मूल पाटो भएकोले शिक्षकहरुको लगनशीलता र सक्रियताले विद्यालयलाई विकासको बाटो तर्फ डोऱ्याउने देखिन्छ । समुदाय र विद्यालयबीच सुमधुर सम्बन्ध स्थापित गर्दै अभिभावकहरुमा विद्यालयप्रति अपनत्वको भावना जागृत गराउने र सवै प्रकारका द्वन्द समाधान गर्नमा विद्यालयका सम्पूर्ण शिक्षकहरु लाग्नुपर्ने देखिन्छ ।

विद्यालयको नजिकको सरोकारवाला निकाय स्थानिय तह शिक्षा, यूवा तथा खेलकूद शाखा भएकोले सामाजिक परीक्षण समितिमा यसको प्रतिनिधित्व गराइ परीक्षण कार्यमा सहभागि भइ विद्यालयको वास्तविक अवस्थालाई बुझ्नुपर्ने जरुरी देखिन्छ ।

**अनुसन्धान तह**

सामुदायिक विद्यालयमा सामाजिक परीक्षण कार्यको सम्बन्धमा थप अनुसन्धान गर्न सकिन्छ , सामुदायिक विद्यालयहरुको सामाजिक परीक्षण कार्यमा सरोकारवालाहरुको भूमिका सम्बन्धमा अनुसन्धान गर्न सकिन्छ , सामुदायिक विद्यालयहरुका विद्यालयहरुको चौतर्फी विकासमा सामाजिक परीक्षणको महत्व एवम् उपादेयताका सम्बन्धमा अनसन्धान सञ्चालन गर्न सकिन्छ र विद्यालयमा सामाजिक परीक्षणले शैक्षिक उपलब्धिमा पारेको प्रभावका सम्बन्धमा थप अध्ययन अनुसन्धान गर्न सकिन्छ ।

# सन्दर्भ सूची

आचार्य, कूलमणि (२०६९), *विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव,* इटहरी, सुनसरी :जनता बहुमुखी क्याम्पस, एम एड दोस्रो वर्ष, अप्रकाशित शोधपत्र ।

काफ्ले, वासुदेव र साथीहरु (२०६०), *शैक्षिक योजना,* काठमाण्डौं : भुँडीपुरान प्रकाशन, बागबजार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खड्का, शेरजङ्ग (२०६२), *व्यवस्थापन सिद्धान्तहरु,* काठमाडौं : निमा पुस्तक प्रकाशन ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन कीर्तिपुर ।

खनाल, श्री प्रसाद २०६३), *कार्यक्रम मूल्यङ्कन,* काठमाडौं : जुपिटर पब्लिसर्स एण्ड डिस्टिब्यूटस, कीर्तिपुर ।

झा, नन्दकिशोर (२०६८), *समाजिक परीक्षणले सामुदायिक विद्यालयहरुको व्यवस्थापनमा पारेको प्रभाव,* इन्द्रपुर मोरङ : सुकुना बहुमुखी क्याम्पस, एम एड दोस्रो वर्ष, अप्रकाशित शोधपत्र ।

राई,कौशलकुमार (२०६२), *सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको महत्व,* इन्द्रपुर मोरङ : सुकुना बहुमुखी क्याम्पस, एम.एड. दोस्रो वर्ष, अप्रकाशित शोधपत्र ।

शर्मा, गोपीनाथ (२०६१), *नेपालको शैक्षिक इतिहास,* काठमाडौं : लुम्विनी पुस्तक भण्डार ।

शिक्षा मन्त्रालय (२०६४), *विद्यालय लेखा व्यवस्था,* काठमाण्डौं : लेखक ।

शिक्षा मन्त्रालय (२०६५), *विद्यालयहरुको सामाजिक परीक्षण गर्ने सम्बन्धि निर्देशिका,* काठमाडौ : लेखक ।

शिक्षा विभाग (२०६१), *विद्यालय अनुदान कार्यान्वयन निर्देशिका,* भक्तपुर : लेखक ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०७८), *विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८,* काठमाडौं : लेखक ।

श्रेष्ठ, कुलनरसिंह (२०६४), *व्यावहारिक लेखा परीक्षण,* काठमाडौं : नवीन प्रकाशन ।

# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची १

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

नाम : ठेगाना :

पद :

१. तापाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

२. यहाँको विद्यालयमा सामाजिक परीक्षण नियमित गर्ने गर्नु भएको छ ?

४. सामाजिक परीक्षणका सम्बन्धमा कुनै प्रकारका तालिम गोष्ठी आदिमा भाग लिने मौका प्राप्त गर्नु भएको छ ?

५. विद्यालयमा सामाजिक परीक्षण गर्दा विद्यालय व्यवस्थापन समितिको भूमिका कस्तो रहने गरेको छ ?

६. सामाजिक परीक्षण समितिले इमान्दारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गरेको छ ?

७. सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

८. सामाजिक परीक्षण प्रतिवेदन विद्यालयको वास्तविक तथ्यमा आधारित छन् ?

९. सामाजिक परीक्षणबाट विद्यालयको शैक्षिक समस्याहरु उजागर हुन्छन् ? सामाजिक परीक्षण्लले शैक्षिक समस्याहरु समाधानमा सहयोग पुऱ्याएको पाउनु भएको छ ?

१०. सामाजिक परीक्षण कार्यमा देख्नुभएको प्रमुख चुनौतिहरु के के हुन् ?

११. सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के कस्ता छन् ?

## सामुदायिक विद्यालयमा सामाजिक परीक्षण
## अनुसूची २
## प्रधानाध्यापकहरुका लागि प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

प्र.अ. को नाम : ठेगाना :

योग्यता : तालिम : अनुभव :

१. के हो सामाजिक परीक्षण ? संक्षिप्त धारणा व्यक्त गरिदिनुहुन अनुरोध गर्दछु ।

२. तपाईंले तपाईंको विद्यालयमा नियमित सामाजिक परीक्षण गराउनु भएको छ ?

३. सामाजिक परीक्षणमा विद्यालय प्रशासनको तर्फबाट तँपाईको भूमिका के रहेको छ ?

४. सामाजिक परीक्षण समितिले प्राविधिक उपसमिति गठन गर्ने गरेको छ कि छैन ?

५. समितिले प्रतिवेदन बनाउँदा एकिकृत शैक्षिक सूचना प्रणालीमा रहेको स्कुल रिपोर्ट कार्डलाई आधार बनाइन्छ कि बनाईंदैन ?

६. सामाजिक परीक्षणका सम्बन्धमा कुनै प्रकारको तालिम गोष्ठी आदिमा भाग लिने मौका प्राप्त भएको छ ?

७. सामाजिक परीक्षण गर्न वि. व्य. स.तथा शि. अ. संघबाट सहयोग प्राप्त गर्नु भएको छ ?

८. सामाजिक परीक्षणका लागि विद्यालयमा छुट्याइएको रकम पर्याप्त छ कि छैन ?

९. विद्यालयमा सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

१०. समाजिक परीक्षणले विद्यालयको समग्र शैक्षिक गतिविधिलाई समेटेको हुन्छ ?

११. सामाजिक परीक्षण समितिले इमान्दारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गरेको छ ?

१२. सामाजिक परीक्षणका लागि आवश्यक अभिलेख सहजै उपलब्ध गराउनु भएको छ ?

१३. सामाजिक परीक्षण कार्यमा देख्नुभएको प्रमुख चुनौतिहरु के के हुन् ?

१४. सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के कस्ता छन् ?

## सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची ३

## शिक्षक अभिभावक संघका अध्यक्षकाहरुका लागि प्रश्नावली

नाम :                                        ठेगाना :

पद :

१. तँपाइलाई सामाजिक परीक्षणबारे थाहा छ ?

२. तपाईंले तपाइको विद्यालयमा नियमित सामाजिक परीक्षण गर्नु भएको छ ?

३. सामाजिक परीक्षण कार्यमा तँपाईको भूमिका के रहेको छ ?

४. तपाईंले सामाजिक परीक्षण गर्दा इमान्दारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्नु भएको छ ?

५. सामाजिक परीक्षण गर्नु पूर्व प्राविधिक उपसमिति गठन गर्नु भएको छ ?

६. सामाजिक परीक्षणका सम्बन्धमा कुनै प्रकारका तालिम गोष्ठी आदिमा भाग लिने मौका प्राप्त गर्नु भएको छ ?

७. सामाजिक परीक्षण प्रतिवेदन तयार पार्दा एकिकृत शैक्षिक सूचना प्रणालीमा रहेको स्कुल रिपोर्ट कार्डलाई आधार बनाउनु हुन्छ कि हुँदैन ?

८. सामाजिक परीक्षण गर्न वि. व्य. स.तथा प्रधानाध्यापकबाट सहयोग प्राप्त गर्नु भएको छ ?

९. सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

१०. प्रधानाध्यापकले सामाजिक परीक्षण कार्यका लागि आवश्यक अभिलेख उपलब्ध गराउँछन् ?

११. सामाजिक परीक्षण कार्यमा देख्नुभएको प्रमुख चुनौतीहरु के के हुन् ?

१२. सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के कस्ता छन् ?

## सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची ४

## शिक्षकहरुका लागि प्रश्नावली

नाम :                                                ठेगााना :

पद :                    तालिम :                    योग्यता :

१. तपाईंलाई सामाजिक परीक्षण बारे थाहा छ ? संक्षिप्त बताई दिनुहोस् ।

२. तपाइको विद्यालयले नियमित सामाजिक परीक्षण गर्ने गरेको छ ?

३. सामाजिक परीक्षणमा तपाईंको भूमिका के हुने गरेको छ ?

४. तपाईंको विद्यालयमा आय-व्यय तथा शैक्षिक गतिविधिको जवफदेहिता कसको हो ?

५. सामाजिक परीक्षण गर्दा सामाजिक परीक्षण समितिले इमान्दारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्नु भएको छ ?

६. सामाजिक परीक्षण कार्यका लागि आवश्यक अभिलेख विद्यालयले उपलब्ध गराउँछन् ?

७. सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

७. प्रधानाध्यापकले सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गर्छन् ?

८. सामाजिक परीक्षणले समेट्ने सबल पक्षहरु के के हुन् ?

९. सामाजिक परीक्षण कार्यमा शिक्षक सहभागिताको अवस्था कस्तो रहेको छ ?

११. सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयनबाट शैक्षिक सुधार सम्भव छ ?

१२. सामाजिक परीक्षण कार्यमा देख्नुभएको प्रमुख चुनौतीहरु के के हुन् ?

१३. सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के कस्ता छन् ?

## सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची ५

## नगर शिक्षा अधिकृतका लागि लागि प्रश्नावली

नाम : ठेगाना :

कार्यालय : ठेगाना :

१. तपाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

२. नगर क्षेत्रभित्रका विद्यालयहरुले समयमै सामाजिक परीक्षण गर्छन् ?

३. नगर क्षेत्रभित्रका विद्यालयहरुले समयमै सामाजिक परीक्षण प्रतिवेदन बुझाउँछन् ?

४. सामाजिक परीक्षण गराउँदा विद्यालयहरुले विधि र प्रक्रिया पु¥याउने गरेका छन् ?

५. नगरपालिकाले सामाजिक परीक्षणका सम्बन्धमा समय समयमा तालिम गोष्ठी सञ्चालन गर्ने गरेको छ ?

७. सामाजिक परीक्षण सम्बन्धमा तँपाईले विद्यालयहरुको अनुगमन गर्नु भएको छ ?

८. सामाजिक परीक्षण सम्बन्धमा शिक्षा शाखाबाट विद्यालयहरुलाई प्रोत्साहन गर्ने र सुझाव दिने कार्य भएको छ ?

९. सामाजिक परीक्षणका लागि विद्यालयहरुमा छुट्याइएको रकम पर्याप्त छन् ?

१०. सामाजिक परीक्षण कार्यमा स्थानीय जनसहभागिताको अवस्था कस्तो पाउनु भएकोछ ?

११. सामाजिक परीक्षण कार्यमा देख्नुभएको प्रमुख चुनौतीहरु के के हुन् ?

११.सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के कस्ता छन् ?

## सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची ६

## नमुना छनौटमा परेका सामुदायिक विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयहरुको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय | दुहबी - ५, कृष्णनगर, सुनसरी |
| २ | श्री विष्णु माध्यमिक विद्यालय | दुहबी - ८, सोनापुर, सुनसरी |
| ३ | श्री जनता माध्यमिक विद्यालय | दुहबी - १०, सिमरिया, सुनसरी |
| ४ | श्री गोपाल माध्यमिक विद्यालय | दुहबी - ११, तनमुना, सुनसरी |
| ५ | श्री हिमालय आदर्श माध्यमिक विद्यालय | दुहबी - १२, पूर्वकुशाहा, सुनसरी |
| ६ | श्री शाल्पा माध्यमिक विद्यालय | दुहबी - १२, बुकडहरी, सुनसरी |

## सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची ७

## अध्ययन गरिएका विद्यालयका प्रधानाध्यापकहरुको नामावली

| क्र.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम, थर |
|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय | श्री तेज प्रसाद तिम्सिना |
| २ | श्री विष्णु माध्यमिक विद्यालय | श्री अम्बर सिंह फागो |
| ३ | श्री जनता माध्यमिक विद्यालय | श्री सुरेश कुमार चौधरी |
| ४ | श्री गोपाल माध्यमिक विद्यालय | श्री आनन्द कुमार चौधरी |
| ५ | श्री हिमालय आदर्श माध्यमिक विद्यालय | श्री पुष्प बहादुर कार्की |
| ६ | श्री शाल्पा माध्यमिक विद्यालय | श्री सुर्य बहादुर निरौला |

## सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची ८

## अध्ययन गरिएका विद्यालयका अध्यक्षहरुको नामावली

| क्र.सं. | विद्यालय | नाम, थर | पद |
|---|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय | श्रीव्रम्हप्रकाश रौनियार | वि.व्य.स. अध्यक्ष |
| | | श्री रमेशकुमार रौनियार | शि.अ.संघ अध्यक्ष |
| २ | श्री विष्णु माध्यमिक विद्यालय | श्री ओम थापा | वि.व्य.स. अध्यक्ष |
| | | श्री कलावती माझी | शि.अ.संघ अध्यक्ष |
| ३ | श्री जनता माध्यमिक विद्यालय | श्री लतुराम माझी | वि.व्य.स. अध्यक्ष |
| | | श्री गुलीराम माझी | शि.अ.संघ अध्यक्ष |
| ४ | श्री गोपाल माध्यमिक विद्यालय | श्री नागेश्वर माझी | वि.व्य.स. अध्यक्ष |
| | | श्री अनन्तराम माझी | शि.अ.संघ अध्यक्ष |
| ५ | श्री हिमालय आदर्श माध्यमिक विद्यालय | श्री शम्भु प्रसाद साह | वि.व्य.स. अध्यक्ष |
| | | श्री महेन्द्र मण्डल | शि.अ.संघ अध्यक्ष |
| ६ | श्री शाल्पा माध्यमिक विद्यालय | श्री राजन शर्मा घिमिरे | वि.व्य.स. अध्यक्ष |
| | | श्री प्रमोद यादव | शि.अ.संघ अध्यक्ष |

## सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची ९

### अध्ययन गरिएका विद्यालयका शिक्षकहरुको नामावली

| क.सं. | विद्यालयको नाम | नाम, थर |
|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय | श्री विक्रम कुमार चौधरी |
| २ | श्री विष्णु माध्यमिक विद्यालय | श्री नसुदीन रैन |
| ३ | श्री जनता माध्यमिक विद्यालय | श्री अवध नारायण चौधरी |
| ४ | श्री गोपाल माध्यमिक विद्यालय | श्री जीवन कुमार चौधरी |
| ५ | श्री हिमालय आदर्श माध्यमिक विद्यालय | श्री उपेन्द्र चौधरी |
| ६ | श्री शाल्पा माध्यमिक विद्यालय | श्री इन्द्रदेव साह |